
का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ भदौ २०८२
सोमबार
1 September 2025
Monday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न





# फिल्मी शैलीमा मिर्गौला तस्करी

## भारतमा बस्ने नेपाली नै गिरोहमा संलग्न

आँखामा पट्टी बाँधेर अज्ञातस्थलमा लगी सुईमार्फत बेहोस बनाएर मिर्गौला झिकेपछि तीन/चार दिन अस्पताल राखेर नेपाल फर्काउने गरेका थिए। रगतको नमुना भने अस्पतालका कर्मचारी होटेलमै आएर संकलन गर्ने गरेको पाइएको छ।



हामीले यस अपराधलाई संगठित र सीमापार अपराधका रूपमा लिएर अदालतबाट म्याद लिएका छौं । मिर्गौला तस्करी गर्ने गिरोहमध्येको एउटा ठूलो नेक्सस तोड्न हामी सफल भएका छौं । यसैबाट विस्तारै धेरै कुरा खुल्दै जानेछ ।

**कृष्णप्रसाद पंगेनी**
**प्रहरी वरिष्ठ उपरीक्षक, मानव बेचबिखन ब्युरो**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १५ भदौ

भारतको नयाँ दिल्ली बसेर अवैध रूपमा मिर्गौला तस्करी गर्ने नेपाली गिरोह नै सक्रिय रहेको छ । सो गिरोहले सय जनाभन्दा बढीको मिर्गौला बेचबिखन गरेको तथ्य खुलेको हो । मिर्गौला तस्करीमा सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-७ का श्यामकृष्ण भण्डारी र सिन्धुपाल्चोककै इन्द्रावती गाउँपालिका-२ का सुजन भारतीसहितको टोली संलग्न रहेको पाइएको छ । नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले मिर्गौला बिक्री गर्ने कार्यमा संलग्न भण्डारी र भारतीलाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको छ । भण्डारीलाई कञ्चनपुर र भारतीलाई पर्साको वीरगन्जबाट नियन्त्रणमा लिएको ब्युरोले जनाएको छ ।

प्रहरीका अनुसार काठमाडौं, नुवाकोट, काभ्रेपलाञ्चोक, धादिङ, सिन्धुली, सिन्धुपाल्चोकलगायत जिल्लाका सर्वसाधारणलाई दिल्लीमा रोजगारीको प्रलोभन देखाएर मिर्गौला झिक्ने गरेका थिए । उनीहरूले मिर्गौला बेच्न तयार हुने व्यक्तिलाई ६ लाख नेपाली रुपैयाँ दिने लोभ देखाए पनि पीडितलाई रकम नपाएको प्रहरी अनुसन्धानबाट खुलेको छ । त्यस्तो व्यक्ति खोज्नेलाई प्रतिव्यक्ति ५० हजार दिने सर्तमा विभिन्न जिल्लाबाट पृष्ठ २ मा

### अवैध अंग प्रत्यारोपणमा नौ मुद्दा

हालसम्म यो घटनामा पाँच जना पीडितले जाहेरी दिइसकेकोमा चारवटा मुद्दा दर्ता भइसकेको प्रहरीले जनाएको छ । २०७६ यता मानव बेचबिखन ब्युरोले मात्रै अवैध अंग प्रत्यारोपण शीर्षकमा काठमाडौं परिसर, जिल्ला प्रहरी कार्यालय पर्सा, रूपन्देही, सप्तरी र बालाजु वृत्तले नौवटा मुद्दा दर्ता गरेको प्रहरीको अभिलेखमा उल्लेख छ। त्यसमध्ये मिर्गौला बेचबिखनमा मात्रै २०७६ यता ६ वटा मुद्दा दर्ता भएका छन् ।

मानव बेचबिखन तथा अनुसन्धान ब्युरोले मानव अंग खरिदबिक्रीमा संलग्न गिरोहलाई पक्राउ गर्न पृष्ठ २ मा

# मुख्यसचिवको कार्यकाल लम्ब्याउने प्रयास

## नौ सचिवलाई पनि लाभ हुने



सरकारको अनुरोध छ । केही प्राविधिक विषय छन् । विधेयक ऐनमा रूपान्तरित भएको वर्ष अवकाश उमेर ५९ वर्ष लागू हुने भनौं र अर्को वर्षदेखि ६० वर्ष कायम हुने गरी जाऔं ।

**भगवती न्यौपाने**
**मन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ भदौ

आइतबार बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म छलफल गर्दासमेत राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समितिले 'संघीय निजामती सेवा विधेयक' पारित गर्न सकेन । विधेयकमा रहेका अधिकांश विषयमा सहमति जुट्यो तर अनिवार्य अवकाशको उमेरहद लागू गर्ने प्रक्रियामा कुरा मिलेन ।

निजामती कर्मचारीको अनिवार्य अवकाशको उमेरहद ६० वर्ष राख्ने विषयमा सबै सहमत छन्। हाल अवकाशको उमेरहद ५८ वर्ष छ। यस विषयमा प्रतिनिधि सभामा पनि छलफल भएको थियो । प्रतिनिधि सभाले विधेयक पारित गर्दा विधेयक ऐनमा रूपान्तरित चएर लागू भएको वर्ष ५८ वर्ष नै कायम रहने, अर्को वर्ष ५९ र त्यसपछिको वर्षमा ६० वर्ष लागू हुने भनेको छ । यसअनुसार राष्ट्रिय सभामा पुगेको विधेयकमा फेरि अनिवार्य पृष्ठ २ मा

अनिवार्य अवकाशको मुखमा रहेका मुख्यसचिव एकनारायण अर्यालको कार्यकाल एक वर्ष लम्ब्याउने प्रयास सफल भए हाल बहाल रहेका नौ सचिवलाई पनि लाभ हुनेछ ।



रुपन्देही-३ उपचुनाव



# रास्वपाले छान्यो उम्मेदवार, अरूका बाँकी

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ भदौ

रूपन्देही-३ को उपनिर्वाचनले मुलुककै ध्यान तानेको छ । निर्वाचनको मिति नजिकिँदै गर्दा राजनीतिक दलहरू सम्भावित उम्मेदवारबारे छलफलमा छन्। कातिक १७ गते उपनिर्वाचन गर्ने तय भएको छ ।

नेकपा एमाले, नेपाली कांग्रेस, माओवादी केन्द्र र मधेश केन्द्रित दलहरू उम्मेदवार छनोटबारे छलफलमै रहेका बेला रास्वपाले उम्मेदवार तय गरेर मैदानमा उतारेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने दुई महिना अगाडि नै उम्मेदवार तय गरेको छ । रास्वपाले आइतबार रूपन्देही-३ मा पार्टीका तर्फबाट डा. लेखजंग थापालाई उम्मेदवार बनाउने निर्णय गरेको हो । थापा रास्वपाकै आठ जना आकांक्षीलाई पछि पारेर उम्मेदवार छनोट भएका हुन् । रास्वपाबाट थापासँगै सुलभ खरेल, पार्थिवेन्द्र उपाध्याय, ज्ञानु पौड्याल, जीतबहादुर गुप्ता, कुसुम महर्जन, रचना क्षेत्री, पुनमकुमारी अग्रवाल र मधुप्रसाद अर्याल आकांक्षी थिए । रास्वपाको प्राइमरी इलेक्सनबाट थापा उम्मेदवार हुने चयन भएका हुन् ।

रास्वपाले उम्मेदवार छाने तापनि अन्य दलहरूको भने बाँकी नै छ। यस क्षेत्रमा सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले पोलिटब्युरो सदस्य खिमलाल भट्टराईलाई उम्मेदवार बनाउने तयारी गरे तापनि अन्तिम टुंगो लागेको छैन। यस क्षेत्रमा एमालेबाट नेता एवं व्यवसायी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# फेमिस प्रणाली अब एनआइडीसँग पनि एकीकृत

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ भदौ

वैदेशिक रोजगार विभागले सञ्चालनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) राष्ट्रिय परिचयपत्र प्रणाली (एनआइडी) मा जोड्ने प्रक्रियाले सफलता पाएको छ । विगतमा फेमिसमा प्राविधिक समस्या आएपछि वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको काम भने प्रभावित भएको थियो ।

फेमिसमा बायोमेट्रिक डेस्क एप्लिकेसनबाट हुने श्रमिकको 'ओरियन्टेसन' र 'बायोमेट्रिक कनेक्सन'मा समस्या जस्ता विषय समाधान गरी राष्ट्रिय परिचयपत्र प्रणालीसँग जोड्ने प्रक्रियामा सहजता देखिएको विभागका निर्देशक टिकाराम ढकालले जानकारी दिए ।

प्रणालीमा सुधार नहुँदा दसैं, तिहार जस्ता नेपालीका ठुला चाडपर्वमा घर बिदामा आएका कामदार फर्किने समयमा समस्या देखापर्ने गरेको थियो । उक्त समयमा अग्रिम टिकट लिएका वैदेशिक पृष्ठ २ मा

### वैदेशिक रोजगारीका नाममा चिनजान र आफन्तबाटै ठगी

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, १५ भदौ

वैदेशिक रोजगारीमा जाने नेपाली युवामध्ये धेरैजना चिनजान र आफन्तबाटै ठगीमा परेको देखिएको छ । सरकारले पटकपटक वैधानिक प्रक्रिया नअपनाई म्यानपावर कम्पनीबाट तोकिएको प्रक्रिया पुरा गरेर जानुपर्ने बताए पनि अधिकांश चिनजानकै व्यक्तिमार्फत विदेश जाने प्रवृत्तिले युवाहरू अलपत्र



मात्र पर्ने नभई लाखौं रुपैयाँ गुमाउने गरेको देखिएको छ । रौतहटको गरुडा नगरपालिका-९ का ३० पृष्ठ २ मा


**युएई र साउदीमा रोजगार**

१. कम्पनी: UNITED EAST PROJECTS LLC — शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८२/०५/१५ — चलानी नं.: ६०२४४१५० — LT. No.: 330352

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Electricians | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Blacksmith | 8 | 0 | | 1500 | ५७,५१० | | | | | | | |
| 3. | Concrete Masons | 10 | 0 | | 1500 | ५७,५१० | | | | | | | |
| 4. | Electrican (Gen) | 8 | 0 | | 1500 | ५७,५१० | | | | | | | |
| 5. | Operator Drilling Machine | 8 | 0 | | 1500 | ५७,५१० | | | | | | | |
| 6. | Painter | 8 | 0 | | 1500 | ५७,५१० | | | | | | | |
| 7. | Plumber | 5 | 0 | | 1500 | ५७,५१० | | | | | | | |
| 8. | Scaffolder | 14 | 0 | | 1500 | ५७,५१० | | | | | | | |
| 9. | Seaman | 13 | 0 | | 1500 | ५७,५१० | | | | | | | |
| 10. | Stone Mason | 15 | 0 | | 1500 | ५७,५१० | | | | | | | |

२. कम्पनी: DURRAT AL-MUTAWAREEN GENERAL CONTRACTING ESTABLISHMENT — शहर: KSA
पूर्व स्वीकृत मिति: २०८२/०५/११ — चलानी नं.: ६०२४३८९० — LT. No.: 330050

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी नं. १ मा निःशुल्क र कम्पनी नं. २ मा रु १०, ००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PROFESSIONAL RECRUITERS GROUP
Basundhara-3, Kathmandu, Nepal Contact No. 01-4975466
Email : www.prgnepal.com / info@prgnepal.com
Govt. Lic. No. 1767/081/082

मध्यान्ह
www.madhyanhadaily.com
१६ भदौ २०८२ सोमबार
1 September 2025 Monday

# अवैध चोरीपैठारी र निकासी रोक्न गृहमन्त्रीको निर्देशन

पर्सा/मस-गृहमन्त्री रमेश लेखकले सीमानाकामा हुने अवैध चोरीपैठारी र निकासी रोक्न सरोकारवाला निकायलाई समन्वय गरेर काम गर्न निर्देशन दिएका छन् । आइतबार जिल्ला प्रशासन कार्यालय, पर्सामा भएको राजस्व चुहावट नियन्त्रण समन्वय समितिको बैठकमा गृहमन्त्री लेखकले स्थानीय प्रशासन, भन्सार कार्यालय, तीनवटै सुरक्षा संयन्त्रसहित सरोकारवाला सबै निकायबीच एकापसमा समन्वय र सहकार्य गरी अवैध चोरीपैठारी र निकासी रोक्न निर्देशन दिए ।



'राजस्व चुहावट नियन्त्रणका लागि सबै सरोकारवाला निकायबीच आपसी समन्वय गरेर अघि बढ्नका लागि अनुरोध गर्दछु', उनले भने,'एक निकायले अर्को निकायलाई दोषारोपण गरेर नभइ समन्वयसहित सहकार्य गर्न जरुरी छ ।' गृहमन्त्री लेखकले सीमा क्षेत्रमा हुने अवैध चोरी तस्कर र अन्य आपराधिक गतिविधि न्यूनीकरणका लागि आवश्यक पहलकदमी गर्न अनुरोध गरे ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा वीरगञ्ज भन्सार कार्यालयको राजस्व संकलन उत्साहजनक भएको बताए ।

'अघिल्लो आवको तुलनामा गत आवमा राजस्व संकलन उत्साहजनक ढंगले वृद्धि भएको छ। चालु आवमा पनि लक्ष्यअनुसारको संकलन हुने अपेक्षा छ', उनले भने, 'चोरी तस्करी नियन्त्रणका लागि सम्बद्ध सबै निकायले हातेमालो गरेर अघि बढ्नुपर्ने हुन्छ ।'

पथलैयास्थित राजस्व अनुसन्धान कार्यालयका प्रमुख हरिप्रसाद शर्माले सुरक्षा निकायले बिलबिजक बिना तस्करीका मालवस्तु ओसार्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने बताए ।

'भारतीय नागरिकले नेपालका कम आयआर्जन भएका नागरिकको नागरिकताको दुरुपयोग गरी विभिन्न ' फर्म'हरु दर्ता गरी सोहीमार्फत तस्करी गर्ने प्रवृत्ति देखिएको छ', उनले भने, 'राजस्व चुहावट नियन्त्रणका लागि सबै निकायबीच समन्वय हुन आवश्यक छ ।'

पर्साका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले जिल्लाको शान्ति सुरक्षा र राजस्व चुहावट नियन्त्रणका लागि सम्बद्ध सरोकारवाला निकायसँग समन्वय गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल प्रहरी मधेश प्रदेश प्रहरी प्रमुख उमाप्रसाद चतुरवेदीले भन्सार नाका वरपर गोदाम खोल्ने प्रवृत्तिलाई निरुत्साहित गर्न जरुरी रहेको बताए ।

### फिल्मी...

मिर्गौला दिने व्यक्तिहरू खोज्दै भारत लैजाने गरेको प्रहरीले जनाएको छ ।

मिर्गौला तस्करीका मुख्य आरोपी भण्डारीले भारतको दिल्लीस्थित लाजपतनगरमा बसेर मिर्गौलाको अवैध व्यापार गर्दै आएको अनुसन्धानबाट खुलेको नेपाल प्रहरीको मानव बेचबिखन ब्युरोका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक(एसएसपी) कृष्णप्रसाद पंगेनीले बताए । ' एउटा किड्नी दिँदैमा मान्छे मर्दैन र स्वास्थ्यमा कुनै असर गर्दैन' भन्दै ६ लाख रुपैयाँ दिने आश्वासनमा सर्वसाधारणको मिर्गौला झिक्ने भण्डारीले बयान दिएका छन् ।

प्रहरीको विशेष अनुसन्धानबाट अवैध रूपमा हुँदै आएको मिर्गौला तस्करीलाई सीमापार अपराधका रूपमा लिएर संगठित अपराधअन्तर्गत अदालतबाट म्याद थप गरिएको एसएसपी पंगेनीले बताएका छन्। 'हामीले यस अपराधलाई संगठित र सीमापार अपराधका रूपमा लिएका छौं,' उनले भने, 'संगठित रूपमै अपराध गरेको पाइएपछि सोहीअनुसार अदालतबाट म्याद लिएका हौं । मिर्गौला तस्करी गर्ने गिरोहमध्येको एउटा ठुलो नेक्सस तोड्न हामी सफल भएका छौं, यसैबाट विस्तारै धेरै कुरा खुल्दै जानेछ ।'

प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले यसअघि साउन २० गते काठमाडौं, नुवाकोट र काभ्रेपलाञ्चोकबाट मिर्गौला झिक्ने कार्यमा संलग्न सोही गिरोहका तीन जना सदस्य राकेश नेपाली, समीर नेपाली र कुमार भन्ने राजकुमार नेपालीलाई पक्राउ गरी अनुसन्धानमै राखेको छ। उनीहरूको बयान र पीडितले दिएको जाहेरीका आधारमा भण्डारी र भारती समातिएको प्रहरीले जनाएको छ । भण्डारीसहित तस्करको समूहले किड्नी दिन तयार भएका नेपालीलाई काठमाडौंदेखि दिल्लीसम्म गाडीमा रिजर्भ गरी लैजाने र होटलबास खर्चसमेत दिने गरेको पाइएको छ ।

त्यसपछि रगत परीक्षण गरी क्लिनिकमा अपरेसन गरी मिर्गौला झिकेपछि सम्बन्धित नेपालीलाई दिल्लीबाट काठमाडौं आउने भाडा दिएर पठाउने गरेको खुलेको छ । भण्डारीको समूहले दिल्लीको लाजपतनगरस्थित एक होटलमा नेपालीलाई राख्दै आएको थियो । ब्युरोका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) कृष्ण पंगेनीका अनुसार भण्डारीले मिर्गौला तस्करी गर्न संगठित गिरोह नै सञ्चालन गर्दै आएको अनुसन्धानबाट खुलेको छ ।

'प्रहरीको प्रारम्भिक अनुसन्धामा भण्डारीले भारतको ग्रेटर नोयडास्थित यथार्थ हस्पिटल र विभिन्न क्लिनिकका कर्मचारी तथा एजेन्टसँग समन्वय गरी २५ जना व्यक्तिको मिर्गौला बेचेको स्वीकार गरेका छन्,' एसएसपी पंगेनीले भने, 'तर भण्डारी सयभन्दा बढी व्यक्तिहरूको मिर्गौला बेचबिखनमा संलग्न भएको पाइएको छ ।' मिर्गौला निकाल्नुअघि आँखामा पट्टी बाँधेर अज्ञातस्थलमा लगी सुईमार्फत बेहोस गर्ने गरेको पाइएको छ। मिर्गौला झिकेपछि तीन/चार दिन अस्पताल राखेर नेपाल फर्काउने गरेका थिए । मिर्गौला दिने व्यक्तिहरू रगतको नमुना अस्पतालका कर्मचारी होटेलमै आएर संकलन गर्ने गरेको पाइएको प्रहरीको भनाइ छ ।

### अवैध...

'अपरेसन लाइफ सिल्ड' नै चलाएको थियो । सो अभियान चलाएको केही दिनमै मानव अंग तस्करीहरू पक्राउ परेका ब्युरोका सूचना अधिकारी एसपी नरेन्द्र कुँवरले जनाकारी दिए । पक्राउ परेकाविरुद्ध संगठित अपराध ऐनअन्तर्गत कारबाही हुने प्रहरीको भनाइ छ। सो ऐनअन्तर्गत मानव बेचबिखन र गैरकानुनी रूपमा अंग बेचबिखनमा संलग्नलाई १० वर्ष कैद र २ लाख रुपैयाँदेखि ५ लाखसम्म जरिमाना गर्ने व्यवस्था छ। संगठित अपराध निवारण ऐन २०७० बमोजिम सम्बद्ध कसुरमा तोकिएको सजायमा डेढी बढाई सजाय हुन सक्ने कानुनी व्यवस्था रहेको छ ।

### मुख्यसचिवको...

अवकाशको उमेरहद लागू गर्ने प्रक्रियाको विषयमा दलहरूबीच छलफल भएको हो ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले विधेयक ऐनमा रूपान्तरित भएर लागू भएको वर्षमा उमेरहद ५९ वर्ष लाग्ने व्यवस्थाका लागि प्रस्ताव गरेकी छन् । 'सरकारको अनुरोध छ। केही प्राविधिक विषय छन् । विधेयक ऐनमा रूपान्तरित भएको वर्ष अवकाश उमेर ५९ वर्ष लागू हुने भनौं र अर्को वर्षदेखि ६० वर्ष कायम हुने गरौं जाऔं' विधायन समितिको बैठकमा उनले भनेकी छन् ।

तर, सरकारको यस्तो प्रस्ताव विपक्षी दलहरूले मानेका छैनन् । यसको कारण हो- विधेयक ऐनमा रूपान्तरित भएको वर्ष अनिवार्य अवकाशको उमेर ५९ वर्ष लागू हुने गरिए यसको प्रत्यक्ष लाभ वर्तमान मुख्यसचिव एकनारायण अर्यालसहितका केही सचिवहरूले प्राप्त गर्नेछन् ।

अनिवार्य अवकाशको उमेर ५८ वर्ष नै कायम रहने आगामी मंसिर ९ गते नेपाल सरकारका मुख्यसचिव अर्याल अनिवार्य अवकाशमा जानेछन् । अनिवार्य अवकाशको उमेर ५९ वर्ष बनाइए उनले २०८३ साल मंसिर ९ गतेसम्म काम गर्न पाउनेछन् ।

५८ वर्ष उमेरहद कायम रहे आगामी मंसिर १७ गते हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत कानुनतर्फका सचिव फणिन्द्र गौतम अनिवार्य अवकाशमा जानेछन् । हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगकामा कार्यरत रहेका भरतमणि सुवेदी पनि अवकाशमा जाँदै छन्। राष्ट्रिय योजना आयोगमा कार्यरत सचिव सुमनराज अर्याल आगामी २०८२ माघ १८ गते अवकाशमा जाने सूचीमा छन् ।

आगामी २०८२ फागुन ९ गते राष्ट्रपति कार्यालयमा कार्यरत सचिव डा. रामप्रसाद घिमिरे अनिवार्य अवकाशमा जाँदै छन् । आगामी फागुन २३ गते युवा तथा खेलकुद मन्त्रालयमा कार्यरत सचिव डा. हरिप्रसाद लम्साल अवकाशमा जाने सूचीमा छन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा कार्यरत सचिव केशवकुमार शर्मा विडारी २०८२ चैत ८ गते, आगामी चैत १४ मा पशुपन्छी विकास मन्त्रालयमा कार्यरत सचिव डा. दीपककुमार खराल २०८३ साल असार २० गते हाल राष्ट्रिय तथ्यांक कार्यालयमा कार्यरत सचिव मधुसुदन बुर्लाकोटी अवकाशमा जाँदै छन् ।

हाल श्रम, रोजगार तथा सामाजिक मन्त्रालयमा कार्यरत सचिव कृष्णहरि पुष्कर २०८३ साल असार २३ गते अनिवार्य अवकाशमा जाने सूचीमा छन् ।

अनिवार्य अवकाशको मुखमा रहेका मुख्यसचिव अर्यालको कार्यकाल एक वर्ष लम्ब्याउने प्रयास सफल भए हाल बहाल रहेका नौ सचिवलाई पनि लाभ हुनेछ। यसकारण पनि आइतबार विधायन व्यवस्थापन समिति निर्णयमा पुग्न सकेन । नमिलेको विषयमा मिलाउने प्रयासका लागि सोमबार बिहान ११ बजे पुनः बस्ने तय भएको छ ।

राष्ट्रिय सभाको बैठक सोमबार दिउँसो सवा १ बजे बस्दै छ। सो बैठक बस्नु अगाडि विधेयकमा सहमति जुटाउने र विधायन समितिबाट पास गरेर सभामा पेस गर्ने तयारी छ ।

यो विधेयक गत असार १५ गते प्रतिनिधि सभाबाट पास भएर राष्ट्रिय सभामा गएको थियो । प्रतिनिधि सभाबाट पास भएर राष्ट्रिय सभामा गएको ६० दिनभित्र फिर्ता हुनुपर्छ । अन्यथा, प्रतिनिधि सभाले अगाडि बढाउन पाउँछ । यसकारण पनि राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समिति सोमबार विधेयक पास गरेर अगाडि बढाउनैपर्ने दबाबमा छ ।

### रास्वपाले...

शशि पौडेल, सिद्धार्थनगर नगरपालिकाका पूर्वनगरप्रमुख तथा एमाले लुम्बिनी प्रदेश सदस्य हरिप्रसाद अधिकारी र नेता यज्ञजित शाहलगायतले समेत आकांक्षा राखेका छन् ।

प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसले पनि कसलाई उम्मेदवार बनाउने टुंगो लागेको छैन । यो क्षेत्रका मतदाताको आकांक्षा बुझ्न र त्यसअनुसारको उम्मेदवार चयन गर्नेगरी कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा खटिएका छन्। कांग्रेस पार्टीभित्र उम्मेदवार छनोट गर्न तल्ला समितिबाट सिफारिस भएर अगाडि बढ्नुपर्नेलगायतको विधिसमेत रहेको छ ।

नेकपा माओवादी केन्द्रले पनि यो क्षेत्रमा उम्मेदवार तय गरेको छ । माओवादी केन्द्रको पार्टी कमिटी उम्मेदवार खडा गर्ने विषयमा छलफलमै रहेको छ ।

मधेशकेन्द्रित दलहरू साझा उम्मेदवार तय गर्ने कसरतमा छन्। संघीय लोकतान्त्रिक मोर्चामा रहेका दलहरूको तर्फबाट साझा उम्मेदवार खडा गर्न लागेका हुन्। मोर्चामा जनमत पार्टी, जसपा नेपाल, लोसपा नेपाल, नागरिक उन्मुक्ति पार्टी (नाउपा) राष्ट्रिय मुक्ति पार्टी, जनता प्रगतिशील पार्टी र तमलोपा छन् ।

मोर्चामा दलहरूले रूपन्देही-३ मा नाउपाको उम्मेदवारलाई साझा उम्मेदवार मान्ने नीतिगत निर्णय नै गरेका छन् । तर मोर्चामा रहेको जनमत पार्टीले भने आफ्नो छुट्टै उम्मेदवार तय गर्ने बताएको छ। नाउपाले पनि साझा उम्मेदवार को हो ? तय गर्न सकेको छैन ।

४ मंसिर २०७९ को चुनावमा रूपन्देही-३ बाट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट दीपक बोहरा निर्वाचित भएका थिए । बोहराको निधन भएपछि रिक्त रहेको स्थानमा उपनिर्वाचन हुन लागेको हो ।

अधिकांश राजनीतिक दल उम्मेदवार छनोटबारे छलफलमै रहेका बेला रास्वपाले भने उम्मेदवार तय गरेर मैदानमा उतारेको छ ।

### फेमिस...

रोजगारमा जाने कामदार र म्यानपावर व्यवसायी तनावमा रहने गरेका थिए । तर विभागले सेवाग्राहीको संख्या र चाप बढेको भन्दै त्यसलाई स्वाभाविक रूपमा लिनुपर्ने बताउने गरेको थियो । राष्ट्रिय परिचयपत्र प्रणालीमा लिंकअप भएपछि त्यस प्रकारका समस्या नदेखिने निर्देशक ढकालले बताए ।

वैदेशिक रोजगारीको काम कारबाहीलाई प्रविधिमैत्री बनाउन विभागले एक दशकअघिदेखि फेमिस प्रणाली प्रयोगमा ल्याएको हो। विभागले अनलाइन प्रणालीको माध्यमबाट सेवा प्रदान गरी फेसलेस, क्यमसलेस र पेपरलेस वैदेशिक रोजगार प्रशासनको पैरवी गरिरहेको छ ।

तर प्रणालीमा समय-समयमा समस्या आउने र ल्याउने गरिएको श्रमिकदेखि म्यानपावर कम्पनी सञ्चालकहरूको गुनासो छ। फेमिसमा हाल विभागसहित अभिमुखीकरण, मेडिकल, बिमा कम्पनीसहित २० वटा संस्था जोडिएका छन् । ती सबैले एकसाथ प्रणाली सञ्चालन गर्दा सञ्चालनमा समस्या हुने गरेको थियो ।

### वैदेशिक...

वर्षीय मोहम्मद फिरोज त्यसका पछिल्लो उदाहरण हुन्। उनी गत असार २ गते भिजिट भिसामा कतार पुगे। उनले डेढ महिनासम्म उजुम कम्पनीमा गलैंचा र सोफा बनाउने काम गरे । तर रोजगारीको भिसा नभई पर्यटक भिसामा पुगेका कारण कतारी सुरक्षाकर्मीले उनलाई पक्राउ गरी दुई दिन जेलमा राखेपछि साउन १५ गते नेपाल पठायो । अहिले उनले आफूलाई ठगेको भन्दै जिल्ला प्रशासन कार्यालय गौरस्थित आप्रवासी स्रोत केन्द्रमा क्षतिपूर्तिको माग गरेका छन् ।

फिरोजका अनुसार उनलाई पठाउने एजेन्ट गरुडा-६ का शेख ग्यासुदिन हुन्। उनले बैंकमार्फत ४ लाख २० हजार रुपैयाँ बुझाएर आधिकारिक रूपमा कामदार भिसा दिलाउने विश्वास दिलाए पनि अन्ततः भिजिट भिसामा पठाइदिएको उजुरीमा उल्लेख छ।

फिरोज मात्र होइन, शेख अब्जल नामक अर्को युवाले पनि उस्तै पीडा व्यहोरेका छन् । १३ सय कतारी रियाल मासिक पारिश्रमिकमा पठाइने भनिएको भए पनि अब्जललाई पनि उही एजेन्ट ग्यासुदिनमार्फत कतार पुर्‍याइएको थियो। अब्जल भन्छन्, 'ग्यासुदिनकै दाइ कतारमै छन्, त्यसैले विश्वास गर्‍यौं । तर हामीलाई धोका भयो। अब खर्च गरेको पैसा मात्र फिर्ता पाइयो भने पुग्छ।'

यसरी ठगी गर्नेहरू धेरैजसो स्थानीय र चिनजानकै व्यक्तिहरू रहेको पाइएको छ । गौर नगरपालिका-९ सिर्सियाका मोहम्मद इमरान खान आफैंलाई एजेन्ट बताउँदै आएका छन् । तर उनको नाममा हालसम्म ९ जनाले ठगी मुद्दा दर्ता गरेका छन्। महोत्तरीका ७ जना र गौरकै २ जना पीडितहरूले इमरानविरुद्ध उजुरी दिएको आप्रवासी स्रोत केन्द्र गौरले जनाएको छ।

गौरकै पुनम देवीले २ लाख ४० हजार बुझाएपछि विदेश पठाउने भन्दै आएका इमरान फरार भएको बताइन् । 'गाउँकै चिनजान भएकाले पैसा बुझाएको थिएँ, तर पछि ठगिएँ,' उनले गुनासो गरिन् ।

त्यस्तै, गरुडा-१ का मैतुल्लाह अन्सारीका छोरा हसरत अली अन्सारी साउदी अरबमा अलपत्र परेका छन् । उनलाई सजिलो काममा पठाइने भनिए पनि कठिन काममा लगाइएको भन्दै उनका पिता मैतुल्लाहले एजेन्ट राजेन्द्र साह र छोरा सञ्जीव साहविरुद्ध उजुरी दिएका छन् । अन्सारीका अनुसार २ लाख २० हजार रुपैयाँ बुझाए पनि छोरा अलपत्र परेको छ।

जिल्ला प्रशासन कार्यालय गौरअन्तर्गतको आप्रवासी स्रोत केन्द्रले दर्ता गरेका उजुरीहरूले ठगीका अधिकांश घटनामा पीडित आफन्त वा चिनजानकै मान्छेमार्फत मुछिने गरेको देखाएको छ।

परामर्शदाता सोनु कुमार साहका अनुसार सरकारले २०७६ जेठ २ गतेदेखि एजेन्टको व्यवस्था नै खारेज गरेको भए पनि गाउँघरमा अझै पनि अवैध एजेन्ट सक्रिय छन् । 'समुदायमा म्यानपावरमार्फत जानुपर्छ भन्ने सचेतना दिइरहेका छौं । तर अझै पनि धेरैले चिनजानकै भरमा विदेश जाने गरेका छन् र ठगिँदै आएका छन्,' साहले बताए ।

गत आर्थिक वर्ष २०८१/८२ मा मात्र आप्रवासी स्रोत केन्द्र गौरमा २४५ वटा उजुरी दर्ता भएका थिए। तीमध्ये १२१ उजुरी सफलतापूर्वक समाधान गर्दै पीडितलाई ९५ लाख ६६ हजार ५ सय रुपैयाँ बराबरको क्षतिपूर्ति दिलाइएको केन्द्रले जनाएको छ । चालु आर्थिक वर्षको पहिलो महिनामै २३ उजुरी दर्ता भइसकेका छन्, जसमा ५ वटा फछ्र्योट भइसकेका छन् र ४ लाख ४० हजार रुपैयाँ क्षतिपूर्ति दिलाइएको छ।

# अबको १० दिनमा मल पाइन्छ : कृषिमन्त्री



**कपिलवस्तु/मस**-कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले भारतबाट १० दिनभित्र युरिया मल सहज रूपमा उपलब्ध हुने बताएका छन् । चन्द्रौटामा आइतबार आयोजित एक कार्यक्रममा उनले कोलाकाताबाट आयात गरिएको मल साता-दश दिनमा आइपुग्ने र किसानले सहज रूपमा पाउने बताए । अब मलको हाहाकार नहुने बताउँदै उनले किसानलाई आश्वस्त पारे ।

मन्त्री अधिकारीले जिल्लाको खेतयोग्य जमिन र उत्पादनका आधारमा मल वितरण गर्नुपर्ने बताए । ' मल वितरण गर्दा वास्तविक कृषकलाई प्राथमिकता दिनुपर्छ, ठुलो भूभागमा खेती गर्ने किसानले मल अभावका कारण आर्थिक क्षति व्यहोर्नु नपरोस् भन्नेमा हामी संवेदनशील छौं', उनले भने ।

नेपाली कांग्रेसका जिल्ला सभापति तथा महाराजगञ्ज नगरपालिकाका प्रमुख अब्दुल कलामले सरकारी मल वितरण प्रणालीलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए। सोही पार्टीका जिल्ला उपसभापति उमाकान्त खनालले आगामी वर्षदेखि किसानलाई मल, बीउलगायत सामग्री वर्षायाम अगावै उपलब्ध गराउने योजनामा काम गर्न सुझाए ।

# भदौ २१ देखि आन्दोलनमा जाने शिक्षकहरूको चेतावनी

**काठमाडौं/मस**-शिक्षकहरूले आइतबार नेकपा एकीकृत समाजवादीको केन्द्रीय कार्यालयमा धर्ना दिएका छन् ।

नेपाल शिक्षक महासंघ नेतृत्वको टोलीले आफूहरूको माग विद्यालय शिक्षक विधेयकमा समावेश गर्न माग गर्दै चौथो दिन पनि सो पार्टीको केन्द्रीय कार्यालयमा धर्ना दिएका हुन् ।

उनीहरूले यसअघि नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रको केन्द्रीय कार्यालयमा धर्ना दिएका थिए । धर्नामा पुगेका उनीहरूले आफूहरूको माग सम्बोधन नभए भदौ २१ गतेदेखि कडा आन्दोलनको कार्यक्रम सार्वजनिक गर्ने घोषणा पनि गरेका छन् ।

महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले आफूहरूको मागको राजनीतिक दलहरूले सुनुवाइ नगरे दोस्रो चरणको आन्दोलन सुरु हुने भन्दै त्यसका लागि तयार रहन पनि सम्पूर्ण शिक्षक, कर्मचारीलाई आह्वान गरे ।



उनले भने, 'देशभरका शिक्षक कर्मचारी साथीहरू दोस्रो चरणको आन्दोलनको तयारीमा छौं । हाम्रा माग, मुद्दाहरू सुनुवाई भएन भने, ऐनले बोकेर आएको भने आमी अत्यन्तै कडा २०८१/८२ को भन्दा पनि कडा आन्दोलन गर्छौं । त्यसका लागि तम्तयार रहन म शिक्षक, कर्मचारी साथीहरूलाई हार्दिक आग्रह गर्दछु ।'

महासंघले विद्यालय शिक्षा विधेयकमा आफूहरूको मुख्य माग सम्बोधन नभएको उल्लेख गर्दै त्यसलाई समावेश गर्न राजनीतिक दलहरूलाई दबाब दिन मुख्यालय धर्ना कार्यक्रमलाई निरन्तरता दिएका हुन् ।

# अन्तर्राष्ट्रिय पत्रकार महासंघ अमेरिकाको साउदी शाखा गठन

**रियाद/मस**- अन्तर्राष्ट्रिय पत्रकार महासंघ अमेरिका (फेडरेसन अफ इन्टरनेसनल जर्नालिस्ट अमेरिका)को साउदी अरब शाखा गठन भएको छ । फेडरेसनको केन्द्रीय कार्यालयसँग परामर्श र सहमतिपछि साउदी अरेबियामा कार्यरत नेपाली पत्रकारहरूको भेलाबाट उक्त शाखा गठन भएको हो । गठन भएको नयाँ शाखा कार्यसमितिलाई केन्द्रले औपचारिक रूपमा अनुमोदनसमेत गरेको छ ।

सर्वसम्मतिले गठन गरिएको कार्यसमितिको अध्यक्षमा अन्नपूर्ण पोस्ट मिडियाका गल्फ इडिटर विष्णु घिमिरे चयन भएका छन् । यस्तै, कार्यसमितिको उपाध्यक्षमा सुन्जित तामाङ, महासचिवमा राजु खनाल, कोषाध्यक्षमा अन्जान गुभाजु र प्रवक्तामा लोकेन्द्र खड्का चयन भएका छन्।





गुभाजु मध्यान्ह राष्ट्रिय दैनिकका साउदी संवाददाता हुन् । गठित कार्यसमितिमा अमर सापकोटा प्रमुख सल्लाहकार, रमजान दिन मियाँ, एल पी शेर्पाली, नेत्र न्यौपाने, राज चाम्लिङ, देवीबहादुर कार्की र तुलसी राम आचार्य सदस्य रहेका छन् ।

फिजाका अध्यक्ष रामप्रसाद खनाल र महासचिव टंक दाहालले अध्यक्ष विष्णु घिमिरेसहित सम्पूर्ण पदाधिकारी तथा बोर्ड अफ डिरेक्टर सदस्यलाई हार्दिक बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन् ।

उनीहरूले शाखाले पत्रकारहरूको हक-हित संरक्षण, पत्रकारिता गतिविधि सशक्तीकरण र अन्तर्राष्ट्रिय पत्रकार महासंघका उद्देश्यलाई अझ प्रभावकारी ढंगले अघि बढाउने विश्वास व्यक्त गरेका छन् ।

# सत्याग्रहमा डा. केसी

**सुदूरपश्चिम/मस**-प्राध्यापक डा.गोविन्द केसीले आज कैलालीको गेटास्थित शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय परिसरमा सत्याग्रह सुरु गरेका छन् । चिकित्सा शिक्षा सुधारको माग गर्दै आएका उनले आइतबार पत्रकार सम्मेलन गर्दै तीनदिने २३औं सत्याग्रह सुरु गरेको घोषणा गरे । डा.केसीले सरकारले गलत ढंगले निजी मेडिकल कलेजलाई विद्यार्थी संख्या वृद्धि गर्न गरेको निर्णय तुरुन्त फिर्ता लिन र शुल्क वृद्धि नगर्न माग गर्दै सत्याग्रह सुरु गरेको बताए। यसैगरी, विगतमा भएको सम्झौताअनुसार इलाम, उदयपुर र डडेलधुरामा सरकारी मेडिकल कलेज स्थापना तथा गेटा मेडिकल विश्वविद्यालयमा तत्काल पूर्ण क्षमतामा अस्पताल सेवा र शैक्षिक कार्यक्रम सुरु गर्न उनले माग गरेका छन् । यस्तै, एकीकृत स्वास्थ्य शिक्षा र विश्वविद्यालय तथा प्रतिष्ठानका पदाधिकारी नियुक्ति मापदण्डसम्बन्धी ऐन पारित गर्न, ऐनअनुसार मेडिकल शिक्षालाई गैरनाफामूलक बनाउन र सरकारी अस्पताललगायत सबै स्वास्थ्य संस्थामा दरबन्दी वृद्धि गरी सेवा प्रवाह गर्नेलगायत यसअघिका सम्झौता कार्यान्वयन गर्न डा. केसीले आग्रह गरे ।




## साउदीमा रोजगार

कम्पनी: TARSHEED AGRICULTURAL DEVELOPMENT AND INVESTMENT शहर: Alkharj
पुर्व स्वीकृत मिति: २०८१/०९/२३ चलानी नं.: ६०२३१००१ L.T. No.: 316762 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packing And Packaging Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

स्काई-वे म्यानेजमेन्ट प्रा. लि.
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ४५६०१६०, Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

# कम्युनिस्टहरूबीच फेरि पार्टी एकता आवश्यक छ : प्रचण्ड

**लुम्बिनी / मस**–नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कम्युनिस्टहरूबीच फेरि पार्टी एकता आवश्यक भएको बताएका छन्। पार्टी विभाजनले मात्रै अहिले आफ्नो पार्टीको मत घटेको उनले उल्लेख गरे।




नेकपा (माओवादी केन्द्र) लुम्बिनी प्रदेश समितिको सातौं पूर्ण बैठकलाई आइतबार बुटवलमा सम्बोधन गर्दै अध्यक्ष दाहालले नेकपा (एमाले) सँगको पार्टी एकतापछिको मूल नेतृत्व माओवादी केन्द्रको हुन नसक्दा एकता कायम राख्न नसकिएको बताए।

उनले भने, 'नेतृत्व हाम्रो हुन्थ्यो भने म दाबीका साथ भन्छु पार्टी विभाजन पनि हुँदैन थियो। समाजवादको यात्रातिर हामी गम्भीर ढङ्गले जान सम्भव थियो, तर मूल नेतृत्व हाम्रो भएन। मूल नेतृत्व एमाले भएर फुटेको हो।'

अध्यक्ष दाहालले माओवादी जनयुद्ध सामन्तवादको विरुद्धमा निकै सोच विचार गरेर थालनी गरिएको उल्लेख गर्दै आफूहरूविरुद्ध फेरि विरोधीहरूले अलि धेरै नै प्रचार गरेर जनतालाई भ्रमित पार्ने कोसिस गरिरहेको बताए। उनले भने, 'संसद्मा हाम्रा केही त्रुटि भए भनेर हामीले भर्खरै स्थायी समितिको बैठकमा समीक्षा गरेर अघि बढेका छौं।'

कम्युनिस्ट आन्दोलन र समाज जोडिनेतिर अगाडि बढिरहेको जिकिर गर्दै अध्यक्ष दाहालले माओवादी केन्द्र जति शक्तिका साथ आक्रमक ढंगले आफ्नो विचार अगाडि लैजान्छ अन्य पार्टीमा ध्रुवीकरण पनि त्यही स्तरमा बढ्ने र त्यसको नेतृत्व आफूहरूले गर्नुपर्छ भने।

बैठकमा पार्टीका उपमहासचिव वर्षमान पुन, पार्टीका सचिव तथा प्रदेश इन्चार्ज चक्रपाणि खनाल र स्थायी समितिका सदस्यहरूको उपस्थिति रहेको पार्टीको लुम्बिनी प्रदेश समितिका अध्यक्ष सुदर्शन बरालले जानकारी दिए।

'टंकमणि'को सालिक अनावरण

'प्रचण्ड'ले सहिद स्मृति प्रतिष्ठान रुपन्देहीका संस्थापक अध्यक्ष स्वर्गीय रामप्रसाद बन्जाडे 'टंकमणि'को बुटवलमा सालिक अनावरण गरेका छन्।

सो अवसरमा अध्यक्ष दाहालले माओवादीले तत्कालिन अवस्थामा सुरु गरेको सशस्त्र विद्रोहमा स्वर्गिय टंकमणिको अतुलनीय योगदान रहेको बताए। दिवंगत नेता टंकमणिबाट पार्टीले धेरै लिए पनि केही दिन नसकेको उनले बताए।

अध्यक्ष दाहालले भने,'पार्टीले उहाँलाई जटिल र जोखिम दिइन्थ्यो, उहाँ आफै पनि खोजेर त्यो लिनुहुन्थ्यो।' टंकमणिले सधैं गुमनाम तरिकाले जिम्मेवारी पूर्वक काम गर्ने गरेको उनको भनाइ थियो।

माओवादीले सुरु गरेको सशस्त्र विद्रोहको सुरुआतदेखि नै भूमिगत रहेर काम गरेका टंकमणिको २०७८ मङ्सिर ८ गते सडक दुर्घटनामा परेर ५५ वर्षको उमेरमा निधन भएको हो। उनी माओवादी केन्द्रको केन्द्रीय सदस्य तथा रुपन्देहीको इन्चार्जको समेत जिम्मेवारी बहन गर्दै आएका थिए।

शहीद स्मृति प्रतिष्ठान रुपन्देहीको परिसरमा प्रतिष्ठानका संस्थापक अध्यक्ष टंकमणिको सालिक निर्माण गरिएको हो। सो अवसरमा अध्यक्ष दाहालले पुस्तक समेत विमोचन गरेका थिए।

# शीतगंगा नगरपालिकामा सरसफाइ तथा हरियाली प्रवर्धन अभियान सुरु

**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, १५ भदौ

नेपालकै ठुलो शीतगंगा नगरपालिकामा सरसफाइ तथा हरियाली प्रवर्द्धन अभियान सुरु भएको छ। नगरपालिकालाई सुन्दर र हरियालीयुक्त बनाउनका लागि शनिबारदेखि नयाँ अभियानको थालनी गरिएको नगरपालिकाले जनाएको छ।



विकासको दृष्टिले पछाडि परेको र अर्घाखाँचीको कणाली भनेर चिनिने शीतगंगा नगरपालिका सरसफाइमा समेत पछि परिरहेको स्थानीयवासीको भनाइ छ।

व्यवस्थित फोहोर राख्ने डम्पिङ साइट निर्माण गर्न नसक्दा नगरपालिकाले अस्थायी रूपमा सन्धिखर्क-गोरुसिंगे सडकखण्ड अन्तर्गत ठाडाको तलपट्टि फोहर फाल्ने गरेको र यसले राजमार्गमा दुर्गन्ध बढाएको गुनासो स्थानीयहरूले गर्दै आएका छन्।

नयाँ प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटाको आगमनसँगै सुरु गरिएको सरसफाइ र हरियाली प्रवर्द्धन अभियानले दीर्घकालीन महत्व राख्ने अपेक्षा गरिएको नगरप्रमुख छबिलाल पौडेलले बताए।

अभियान महिनाको दुई पटक सञ्चालन हुने जनाउँदै प्रमुख प्रशासकीय अधिकृत सापकोटाले प्रत्येक महिनाको १ र १५ गते कार्यक्रम सञ्चालन हुने र अन्य सरोकारवाला निकाय तथा संघ-संस्थाले दैनिक सरसफाइमा सहयोग गर्ने जानकारी दिए।

उनले यो अभियानलाई स्वयम्सेवी भावनाले अगाडि बढाइने दाबी गरे। नगरप्रमुख पौडेलका अनुसार आफ्नो नगर सुन्दर र हरियाली बनाउन नगरबासीले पनि सक्रिय रूपमा अभियानमा जोडिनु आवश्यक छ।

सरसफाइको नाममा वर्षेनी लाखौं खर्च भए पनि ठोस प्रगति नदेखिने परम्परा यसपटक अन्त्य हुने अपेक्षा गरिएको छ। उपप्रमुख गिता भाटका अनुसार 'म सफा गर्छु, मेरो नगर अभियान' लाई यस आर्थिक वर्षमा निरन्तरता दिइनेछ।

नगरपालिकाका योजना महाशाखा प्रमुख प्रशासकीय अधिकृत नुमलाल खनालले विभिन्न संघसंस्थाले केही दिनमै सकिने अभियानमा लाखौं खर्च गर्ने प्रथालाई रोक्दै यस अभियानलाई दिगो रूपमा अगाडि बढाउने जनाए। यसबीच, वडा नम्बर ३ ले बजार क्षेत्रमा सरसफाइमा जिल्लामै नमुना काम गर्दै आएको र वडा नम्बर ४ ले सरसफाइमा बेवास्ता गर्नेहरूमाथि सिफारिस रोक्कासम्मको कठोर कदम चालेको वडाध्यक्षहरूले बताए।

नगरपालिकाले प्रत्येक परिवारलाई आफ्ना घर, आँगन र वरिपरि सरसफाइ गर्न प्रोत्साहन गर्ने र सडक, गल्ली तथा सार्वजनिक स्थल सफा राख्नेहरूलाई सहयोग र पुरस्कार दिने कार्यविधि बनाउन लागेको प्रमुख प्रशासकीय अधिकृत सापकोटाले जानकारी दिए।

साथै, टोल, चौक, पार्क, पोखरी, मन्दिर, चौतारो जस्ता सार्वजनिक स्थल सफा राखेर समुदायलाई रमाइलो र सुरक्षित बनाउने योजना समेत अघि बढाइएको छ।

नगरप्रमुख पौडेलका अनुसार शीतगंगाको ऐतिहासिक, व्यापारिक र आर्थिक महत्वलाई जोगाउँदै यसलाई पर्यटकीय विश्रामस्थलको रूपमा विकास गर्ने मुख्य लक्ष्य सहित सरसफाइ तथा हरियाली प्रवर्द्धन अभियान अघि बढाइएको हो। अभियानलाई सफल बनाउन नगरवासी, टोल विकास संस्था, राजनीतिक दल, सामाजिक संघसंस्था र सरोकारवाला निकायलाई साथमा लिएर अगाडि बढाइने नगरप्रमुख पौडेलले बताए।

अभियान अन्तर्गत मुख्य सडक क्षेत्रमा सघन सरसफाइसँगै विभिन्न प्रजातिका फूल र हरियाली दिने बिरुवा रोप्ने कार्य पनि अघि बढाइने नगरपालिकाले जनाएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/११/०५ मा दर्ता भएको **प्रा.लि. नं. ७०६०१** को श्री **मर्स्याङ्दी बहुउद्देश्यीय जलश्रोत कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# 'गुणस्तरीय शिक्षामा सम्झौता नगरौं'

**महोत्तरी / मस**– मधेश प्रदेश सभा सदस्य शारदादेवी थापाले गुणस्तरीय शिक्षामा कुनै सम्झौता नहुने भन्दै शिक्षा भनेको सामाजिक रुपान्तरणको मेरुदण्ड भएको बताएकी छन्।

बर्दिवासमा आयोजित कार्यक्रममा उनले ग्लोबल एकेडेमीले प्रदेशमै शिक्षाको नयाँ अध्याय सुरू गरेको उल्लेख गरिन्। शैक्षिक सत्र २०८२ का लागि कक्षा ११ मा भर्ना भएका विद्यार्थीलाई स्वागत गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा थापाले राजधानीतर्फ मात्र शिक्षाको केन्द्रित सोच त्यागेर प्रदेशकै निजी विद्यालयलाई सुदृढ बनाउनुपर्नेमा जोड दिइन्।

उनका अनुसार राजधानी धाउनुपर्ने बाध्यता घट्दै गएको र प्रदेशकै विद्यालयले प्रतिस्पर्धी स्तरमा गुणस्तरीय शिक्षा उपलब्ध गराउन थालेको तथ्य आशाजनक छ।

ग्लोबल एकेडेमीले आयोजना गरेको उक्त कार्यक्रममा बर्दिबास नगर प्रमुख प्रलाद क्षेत्री र मिथिला नगरकी उप-प्रमुख सुनिता सिंह बुढाथोकी विशेष अतिथिका रूपमा सहभागी भए। उनीहरूले पनि विद्यालयले शैक्षिक गुणस्तर कायम गर्दै स्थानीय विद्यार्थीलाई राजधानीमै निर्भर रहन नपर्ने वातावरण सिर्जना गरेकोमा प्रशंसा गरे। विद्यालयका प्राचार्य विश्वराज वाग्लेले पढ्न चाहने तर आर्थिक कारणलेपछि पर्नुपर्ने विद्यार्थीलाई पनि अवसर उपलब्ध गराउने प्रतिबद्धता सार्वजनिक गरे।

उनका अनुसार ग्लोबल एकेडेमीले आर्थिक अवस्था जे भएपनि योग्य विद्यार्थीलाई पढ्न पाउने अधिकारबाट वञ्चित नहुने सुनिश्चित गरेको छ। सञ्चालक अर्जुन क्षेत्रीले भने विद्यालयले गुणस्तरीय शिक्षामा कहिल्यै सम्झौता नगर्ने स्पष्टीकरण दिँदै आफूहरूले प्रदेशकै उत्कृष्ट शैक्षिक संस्थाको हैसियत कायम राख्ने बताए।

बर्दिवास जस्ता सहरमा निजी विद्यालयहरू सक्रियतापूर्वक विद्यार्थीमैत्री शिक्षण अभियान अघि बढाउन थालेसँगै राजधानी धाउने प्रवृत्ति क्रमशः घट्दै गएको छ। यसले ग्रामीण-शहरी शिक्षा बीचको दूरी घटाउने मात्र होइन, स्थानीय आर्थिक र सामाजिक विकासमा समेत योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

**रोल्पा जिल्ला सुनछहरी गाउँपालिका वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला/भित्रि गाम खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला/बाहिरी गाम खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनार क्षेत्रबाट दिगो तथा वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी र बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशन मिति : २०८२/०५/१५**

लुम्बिनी प्रदेश, रोल्पा जिल्ला, सुनछहरी गाउँपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **सुनछहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पोबाङ, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल** |
| **प्रस्तावको व्यहोरा** | रोल्पा जिल्ला सुनछहरी गाउँपालिका वडा नं. २ (भित्रि गाम स्थित भुलुङछुङ खोला), वडा नं. ३ (बाहिरी गाम स्थित स्याङ खोला) र वडा नं. ७ (जेल्बाङ स्थित जरापानी/जेल्बाङ खोला) का किनार क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टी र बालुवा (नदीजन्य पदार्थ) उत्खनन् तथा संङ्कलन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन |
| **प्रभाव पर्न सक्ने जिल्ला, गा.पा. का वडाहरु** | रोल्पा जिल्ला सुनछहरी गाउँपालिका वडा नं. २, ३ र ७ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन (IEE) तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक, जैविक, रासायनिक तथा सामाजिक-आर्थिक र सांस्कृतिक प्रणालीमा प्रस्ताव कार्यान्वयनले पार्ने सम्भावित प्रभावहरू यकिन गर्न सुनछहरी गाउँपालिका भित्र पर्ने प्रभावित वडाहरूका साथै सो क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति/संस्थाहरूको लिखित राय र सुझाव लिन आवश्यक भएकोले, यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **सुनछहरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय**<br>**पोबाङ -०५, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल**<br>ईमेल : info@sunchhaharimun.gov.np / sunchhaharimun@gmail.com,<br>फोन नं : ९८५७८२५०९३ |
| **परामर्शदाताको नाम र ठेगाना** | **थ्रि रिसर्च पोइन्ट नेपाल प्रा.लि., तारकेश्वर नगरपालिका-५, बागमती प्रदेश, नेपाल**<br>फोन नं.: +९७७-९८५७८४७१७९<br>ई-मेल: threeresearchpoint@gmail.com |

**कुवेत र कतारमा रोजगार**

कम्पनी : **NESTO HYPERMARKET COMPANY W.L.L** शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०९/०९ चलानी नं.: ६०२३०२१४ L.T. No.: 315970 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | WAREHOUSE WORKERS | 85 | 0 | स. काममा दक्ष | 100 | ४६,०७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ।**
**अन्तर्वार्ता एशियन पार्टी प्यालेस बुटवल, रूपन्देहीमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ।**
**अन्तर्वार्ता भरतपुर गार्डेन रिसोर्ट, चितवनमा २०८२ भदौ २४ गते (9 September 2025) मा हुनेछ।**
**अन्तर्वार्ता ग्राण्ड प्यासिफक होटल, झापामा २०८२ भदौ २४ गते (9 September 2025) मा हुनेछ।**
**अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर इटहरी, सुनसरीमा २०८२ भदौ २४ गते (9 September 2025) मा हुनेछ।**

कम्पनी : **Budget Hypermarket Wll** शहर : Doha
पूर्व स्वीकृत मिति: २०८२/०५/१५ चलानी नं.: ६०२४४१५९ L.T. No.: 330134

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashiers | 0 | 50 | सम्बन्धित काममा दक्ष | 1300 | ५०,२१९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 80 | 0 | | 1300 | ५०,२१९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.), गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२
Kathmandu No: 9851122190, 9851041811, 9805865194, 9805865193, 9805865192, 9823301035
Butwal: 9802676987, Jhapa: 9801427302, 9801427305

**कुवेतमा फ्रि भिषा फ्रि टिकट सहित रोजगारको अवसर**

कम्पनी: **THE BRIDGE GENERAL TRADING AND CONTRACTING CO.** शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०५/१५ चलानी नं.: ६०२४४१५८ LT. No.: 330348

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Technician | 10 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ६२,१९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 25 | 0 | | 95 | ४३,७७० | | | | | | | |
| 3. | Private Driver | 35 | 0 | | 135 | ६२,१९९ | | | | | | | |
| 4. | Warehouse Worker (Forklift Operator) | 30 | 0 | | 100 | ४६,०७४ | | | | | | | |

**फ्रि अन्तर्वाता धमा धम भइरहेको छ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Ajeets Management and Development Company Pvt. Ltd.
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Tara Hall Chowk, Sinamangal -9, Kathmandu, Phone : 014579390, 4579391 |
9823463896 (Whatsapp), 9701779602, 9709184518, 9863197435, E-mail : ajeetsmanpowernepal@gmail.com

**युएईमा रोजगार**

कम्पनी : **ALHAJAR ALMUNEER BUILDINGS MAINTENANCE** शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०५/१५ चलानी नं.: ६०२४४१५४ LT. No.: 330356

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 50 | 0 | स. काममा दक्ष | 1000 | ३८,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **INK GREEN GENERAL CONTRACTING SOLE PROPRIETORSHIP LLC** शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०५/१५ चलानी नं.: ६०२४४१५२ LT. No.: 330357

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brush Painters | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४६,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician (General) | 5 | 0 | | 1200 | ४६,००८ | | | | | | | |
| 3. | General Carpenter | 5 | 0 | | 1200 | ४६,००८ | | | | | | | |
| 4. | Labour | 25 | 0 | | 1000 | ३८,३४० | | | | | | | |
| 5. | Plumber (Pipe Fitter) | 5 | 0 | | 1200 | ४६,००८ | | | | | | | |
| 6. | Scafolder | 5 | 0 | | 1200 | ४६,००८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

CHANDRAMA GROUP OF COMPANY PVT.LTD
Govt. Lic. No. 1757/081/082
Contact: 01- 4116658, 9803735475, Email: info@chandramagroup.com, rajachandramagroup@gmail.com, Sinamangal-9, KATHMANDU, Nepal

**युएईमा रोजगार**

कम्पनी: **SENOR PEPES MEXICAN FOODS FACTORY LLC** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०२/२१ चलानी नं.: ६०२३५१७९ LT. No.: 325189 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Finishing Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४२,१७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Worker/factory Worker | 4 | 0 | | 1100 | ४२,१७४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

**कुवेतमा रोजगार**

कम्पनी: **STAR BAKERY FOOD EQUIPMENT COMPANY** शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/१०/२८ चलानी नं.: ६०२३२७९२ L.T. No.: 318629 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BAKERY HELPER | 5 | 0 | स. काममा दक्ष | 110 | ४९,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

SHARON MANPOWER SERVICES PVT. LTD.
Govt Lic. NO. 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

प्रदेश सरकार
खानेपानी, सिचाई तथा उर्जा मन्त्रालय
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, झापा**
कोशी प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०८२/०५/१६**

यस कार्यालयले तपशिलमा उल्लेखित निर्माण/सप्लाइ कार्यको लागि मिति २०८२/०३/२५ मा मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार रित पूर्वक दर्ता हुन आएका बोलपत्र मध्ये देहाय अनुसारको बोलपत्र सारभुत रूपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं | कामको विवरण | छनौट भएको बोलपत्र दाता | स्वीकृत रकम मू.अ.क. र PS सहित |
|---|---|---|---|---|
| 1 | WSSDO/Jhapa/NCB/Goods/20-2081/82 | Supply and delivery of HDPE pipes for Tagandubba WSP, Jhapa | Dharan Plastics, Khanar | 8627324.00 |
| 2 | WSSDO/Jhapa/NCB/Goods/21-2081/82 | Supply and delivery of HDPE pipes for Tekra WSP, Jhapa | Kamala Polythene and Plastic Industries pvt. Ltd., Janakpur | 8831781.68 |
| 3 | WSSDO/Jhapa/NCB/Goods/22-2081/82 | Supply and delivery of HDPE pipes for Jhiljhile WSP, Jhapa | Dharan Plastics, Khanar | 5606817.05 |
| 4 | WSSDO/Jhapa/NCB/Works/23-2081/82 | Construction of Pressure filter works at Jhiljhile, Shivasatashi, Jhapa | Inter trade Nepal, Morang | 3242336.00 |

डिभिजन प्रमुख

## सम्पादकीय

# फेरि चलखेलको गन्ध

संघीय निजामती सेवा विधेयकमा कर्मचारीतन्त्रबाट फेरि चलखेलको गन्ध आएको छ । यसअघि प्रतिनिधि सभामा उच्च पदस्थ कर्मचारीहरूले राजीनामा दिएपछि वा अनिवार्य अवकाशमा गएपछि निश्चित समय सरकारी, संवैधानिक, कूटनीतिक र अन्य नियुक्ति लिन नपाउनेसम्बन्धी प्रावधान विधेयकमा राख्न नदिन चर्को दबाब दिएका थिए । त्यसअनुसार विधेयकको प्रतिवेदनमा भाषा राख्न सफल भएका थिए । कुलिङ अफ पिरियडको प्रावधान निष्क्रिय हुने भाषा प्रयोग भएर विधेयकको प्रतिवेदन अगाडि बढेपछि प्रश्न उठ्यो, संसदीय छानबिन विशेष समिति बन्यो र गम्भीर त्रुटि भएको निष्कर्ष निकाल्यो । राजनीतिक रूपमा नैतिक जिम्मेवार ठहर भएका राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले राजीनामा दिए । पदअनुकूलको आचरण नगरेको भनिएका मुख्यसचिव एकनारायण अर्यालसहितका सचिव पदमै बहाल छन् । कुलिङ अफ पिरियडको प्रावधान निष्क्रिय गराउन गरेको चलखेल सेलाउन नपाउँदै फेरि मुख्यसचिव अर्यालसहित नौ जना सचिवको कार्यकाल लम्ब्याउने चलखेल सुरु भएको छ । यही चलखेलका कारण राष्ट्रिय सभाअन्तर्गतको विधायन व्यवस्थापन समिति निर्णयमा पुग्न सकिरहेको छैन । बरू राजनीतिक दलहरू कर्मचारीहरूको चलखेल बुझेर पनि पक्ष र विपक्षमा विभाजित छन् ।

प्रतिनिधिसभाबाट पारित भएर अगाडि बढेको प्रतिवेदन विधेयक ऐनमा रूपान्तरित भएको वर्ष अनिवार्य अवकाशको उमेरहद ५८ वर्ष नै कायम रहनेछ । यसो हुँदा आगामी मंसिर ९ गते मुख्यसचिव अर्याल अनिवार्य अवकाशमा जानेछन् । अनिवार्य अवकाशको उमेर ५९ वर्ष बनाइए उनले २०८३ साल मंसिर ९ गतेसम्म काम गर्न पाउनेछन् । यस्तै, लाभ पाउने कसरतमा छन् सचिवहरू फणिन्द्र गौतम, भरतमणि सुवेदी, सुमनराज अर्याल, डा. रामप्रसाद घिमिरे, सचिव डा. हरिप्रसाद लम्साल, केशवकुमार शर्मा विडारी, डा. दीपककुमार खराल र कृष्णहरि पुष्कर । अनिवार्य अवकाशको मुखमा रहेका मुख्यसचिव अर्यालसहितका सचिवहरूको कार्यकाल एक वर्ष लम्ब्याउने प्रयासले प्रशासनिक संघीयता कार्यान्वयनसँग जोडिएको निजामती विधेयक संसदीय समितिबाट अगाडि बढ्न सकिरहेको छैन ।

कुनै पनि विषयमा स्वार्थ समूहले आफ्नो स्वार्थका लागि चलखेल गर्न सक्ने भए । त्यस्तो स्वार्थमा लाग्नेहरू चिनेर विधायनले विधि बनाउने हो । तर निजामती विधेयकको हकमा स्वार्थ समूह देखादेख दबाबमा लाग्ने र राजनीतिक नेतृत्व निरिह हुनेजस्तो देखिएको छ । दबाब र प्रभावका बाबजुद कुलिङ अफ पिरियड राख्न दलहरू अडिग भएपछि बहालवाला उच्चपदस्थ कर्मचारीहरू एक वर्ष कार्यकाल लम्ब्याउने कसरतमा लागेका छन् । यस्तो बेला मुलुकको हित हेरेर कानुन बनाउने जिम्मेवारीमा रहेका विधायकहरू सफल हुनुपर्छ । स्वार्थ समूहले जित्ने वातावरण बन्नुहुँदैन, नबनोस् ।

# आदिम सभ्यता र जनशास्त्रीय दृष्टिकोण

*इतिहासले प्रायः सत्ता र शासकलाई प्राथमिकता दिन्छ । तर जनशास्त्रीय दृष्टिकोणले देखाउँछ कि सभ्यता र ज्ञानका वास्तविक निर्माता ती साधारण जनता नै थिए, जसले प्रकृति र समाजसँग प्रत्यक्ष अन्तरक्रिया गर्दै चेतना, प्रविधि र संस्कृतिको विकास गरे...*

अग्रलेख



● राजन तिमिल्सिना

मानव सभ्यताको इतिहास केवल राजा-महाराजाका युद्ध र वंशावलीको विवरण मात्र होइन; यो आम जनताको श्रम, संघर्ष र अनुभवको लामो यात्रा हो । आदिमकालमा कुनै विद्यालय, विश्वविद्यालय वा आधुनिक प्रविधि थिएन, तर मानिसले आफ्ना अनुभव र सामूहिक श्रमको आधारमा प्रकृतिसँग जुध्दै ज्ञान, प्रविधि र संस्कृति निर्माण गरे । आगो बाल्ने, भाषाको आविष्कार, कृषि प्रणालीको शुरुवात, सामाजिक संरचना र श्रम-विभाजन-यी सबै आदिम मानवकै महान् योगदान हुन् ।

इतिहासले प्रायः सत्ता र शासकलाई प्राथमिकता दिन्छ । तर, जनशास्त्रीय दृष्टिकोणले देखाउँछ कि सभ्यता र ज्ञानका वास्तविक निर्माता ती साधारण जनता नै थिए, जसले प्रकृति र समाजसँग प्रत्यक्ष अन्तरक्रिया गर्दै चेतना, प्रविधि र संस्कृतिको विकास गरे । यही ऐतिहासिक तथ्यलाई आलोचनात्मक र वैज्ञानिक दृष्टिकोणले बुझ्नु जनशास्त्रको मूल उद्देश्य हो ।

### आदिम सभ्यता

जनशास्त्रीय अध्ययनले आदिम सभ्यतालाई असभ्यताको रूपमा होइन, मानव विकासको आधारशिला र समाज निर्माणको प्रारम्भिक चरणका रूपमा बुझ्छ । प्रारम्भिक मानवको जीवन अस्तित्वको निरन्तर संघर्षसँग घेरिएको थियो । उनीहरू शिकार, माछा मार्ने, फलफूल संकलन जस्ता कार्यमा संलग्न थिए र यस क्रममा प्रायः प्राकृतिक प्रकोप-भूकम्प, बाढी, आँधी-तूफान र आगोसँग जुध्नुपर्ने अवस्था आउँथ्यो ।

भिमकाय जनावरहरूको आक्रमण- सिंह, बाघ, भालु र अन्य वन्यजन्तुले उनीहरूलाई सामूहिक सुरक्षा, सहकार्य र रणनीतिक योजनामा उन्मुख गरायो । जीवनरक्षा र स्रोत सुनिश्चितताका लागि सामूहिक श्रम अपरिहार्य भयो । यसरी साझा श्रम र उपभोगको अभ्यासले पारस्परिक निर्भरता, विश्वास र सामाजिक नियमहरूको विकास गऱ्यो । यसै प्रक्रियाबाट प्रारम्भिक सामूहिक स्वामित्व र उत्पादन प्रणालीको सांस्कृतिक आधार निर्माण भयो, जसले मानव समाजलाई क्रमशः विकसित सभ्यताको दिशामा अघि बढायो । परिवार, कुल र गोत्रजस्ता संरचना आवश्यकताअनुसार विकसित भए । त्यतिबेला औपचारिक कानुन थिएन, तर व्यवहार, अनुभव र आवश्यकताका आधारमा बनेका परम्परा र रीतिनीतिले समाजलाई सञ्चालन गर्थे । प्रारम्भिक समाजमा मातृप्रधान संरचना प्रबल थियो, तर उत्पादन प्रविधि र निजी स्वामित्वको उदयसँगै पितृप्रधान प्रणाली विकसित भयो । यसले देखाउँछ- सामाजिक संरचना दैवी आदेश नभई भौतिक उत्पादन र जीवनशैलीसँग जोडिएको यथार्थ हो ।


सांस्कृतिक अभ्यास र चेतना

आदिम सभ्यताको अर्को महत्वपूर्ण पक्ष सांस्कृतिक अभ्यास थियो । शिक्षण संस्थान नभए पनि गुफाका चित्र, ढुङ्गामा कोरिएका आकृति, सामूहिक गीत, नृत्य र अनुष्ठानहरूले सामाजिक स्मृति र एकताको भूमिका खेले । सूर्य, चन्द्र, तारा, नदी र बोटबिरुवाप्रतिको आदरले उनीहरूको प्रकृतिप्रतिको संवेदनशीलता र रचनात्मकता प्रकट गर्दछ । यी नै सांस्कृतिक अभ्यासहरूले पछि धर्म, दर्शन र सौन्दर्य चेतनाको आधार तय गरे ।

जनशास्त्रीय दृष्टिले आदिम सभ्यता असभ्यताको पर्याय होइन, श्रम र बौद्धिक क्षमताको परिणाम हो । आगोको प्रयोग, औजारको आविष्कार, भाषाको विकास, यी उपलब्धिहरू नै आधुनिक विज्ञान र प्रविधिको जग हुन् । यसले प्रमाणित गर्छ-मानव इतिहास दैवी आदेश वा चमत्कारबाट होइन, भौतिक आवश्यकता र संघर्षको परिणाम हो ।

### आविष्कार र प्रविधि

जनशास्त्रीय दृष्टिले प्रविधि कुनै आकस्मिक चमत्कार होइन, बरु आवश्यकताबाट जन्मिएको यथार्थ हो । 'आवश्यकता नै आविष्कारकी जननी




हो' भन्ने भनाइलाई प्रारम्भिक आविष्कारहरूले पुष्टि गर्छन् । आदिम मानवले ढुङ्गा, हड्डी र काठबाट औजार बनाए, जसबाट पाषाण युगको शुरुवात भयो । आगोको प्रयोग-मानव सभ्यताको महान् उपलब्धि, उनले खाना पकाउन, जनावरबाट बच्न, ताप लिन र सामाजिक जमघट गर्न उपयोग गरे ।

भाषा र संचार प्रणाली पनि जीवन-संघर्षकै परिणाम थिए । संकेत, चित्र, हावभाव र ध्वनि हुँदै भाषा विकास भयो । गुफा चित्र र प्रतीकहरूले लेखन प्रणालीको जग बसाए । प्रविधि केवल भौतिक औजारमै सीमित थिएन । सामूहिक श्रमका क्रममा गीत, नृत्य र नाटकजस्ता सांस्कृतिक प्रविधिहरू जन्मिए । क्रिस्टोफर कडवेलका अनुसार, कविता र संगीत मानव सभ्यताको पहिलो सामूहिक आवेग थिए ।

सिन्धु, मेसोपोटामिया र मिश्र सभ्यतामा देखिने सिंचाइ प्रणाली, धातु प्रयोग र लेखन प्रणाली आदिम प्रविधिको उन्नत रूप हुन् । यी सबै विकास श्रम विभाजन, उत्पादन प्रणाली र सामूहिक आवश्यकताका आधारमा अघि बढे ।

### सामाजिक र सांस्कृतिक विकास

समाज कुनै दैवी वरदान वा शासकको योजनाबाट बनेको होइन; मानिसहरूको सामूहिक श्रम, आपसी सहयोग र ऐतिहासिक आवश्यकता अनुसार विकसित भएको संरचना हो । परिवार, कबीला र जातीय समूहहरूको निर्माण, श्रम विभाजन र आपसी निर्भरता आदिम समाजको आधार थिए । श्रमसँगै गीत, नृत्य, लोककथा र अनुष्ठान जन्मिए । गुफा चित्र, टोटेम, नृत्य र संगीतले सामूहिक एकता र साझा चेतनालाई मजबुत बनाए ।

धर्म, मिथक र परम्परागत विश्वासहरू प्रकृतिसँगको प्रत्यक्ष सम्बन्धकै परिणाम थिए । वज्रपात, वर्षा, सूर्य, चन्द्रमाजस्ता शक्तिहरूलाई जीवनको आधार माने । पछि तिनलाई धार्मिक रूप दिइयो, तर जनशास्त्रले यसलाई अन्धविश्वास होइन, प्रकृतिप्रतिको आदर र डरको सांस्कृतिक प्रतिक्रिया मान्छ ।

> *जनशास्त्रीय अध्ययनले आदिम सभ्यतालाई असभ्यताको रूपमा होइन, मानव विकासको आधारशिला र समाज निर्माणको प्रारम्भिक चरणका रूपमा बुझ्छ...*

### ज्ञान र दर्शन

ज्ञान र दर्शनको विकास पनि श्रम, अनुभव र प्रकृतिसँगको अन्तरक्रियाबाट क्रमशः भयो । आदिम मानिसहरूले दिनरात, ऋतु, जन्म-मृत्यु जस्ता प्रश्नमा उत्तर खोजे । सुरुवातमा देवत्वसँग जोडिए, तर पछि अनुभव र प्रयोगले वैज्ञानिक सोच विकास गरायो । ग्रीसका थेल्स, डेमोक्रिटस, सुकरात, प्लेटो र अरस्तुले दर्शन र विज्ञानलाई भौतिक कारणमा आधारित व्याख्या गरे । सुकरातले प्रश्न-उत्तर विधिबाट आलोचनात्मक सोच प्रोत्साहित गरे । अरस्तुले तर्कशास्त्र र अनुभवमा आधारित अध्ययन गरेर आधुनिक विज्ञानको जग राखे ।

पूर्वीय दर्शनमा चवार्क, आर्यभट्ट, कन्फुसियस, लौजि आदिले भौतिकवादी र मानव-केन्द्रित दृष्टिकोण अघि सारे । अफ्रिकी मौखिक परम्पराले समुदाय-केन्द्रित दर्शन निर्माण गऱ्यो ।

वैज्ञानिक क्रान्तिका ग्यालिलियो, कोपरनिकस, न्यूटनजस्ता विचारकहरूले प्रयोग र प्रमाणमा आधारित वैज्ञानिक चेतनालाई सुदृढ गरे । यसले प्रमाणित गर्छ-ज्ञान र दर्शन कुनै आकस्मिक वा दैवी वरदान होइन; श्रम, संघर्ष र अनुभवकै ऐतिहासिक परिणाम हुन् ।

### निष्कर्ष

इतिहासलाई सत्ता केन्द्रित नभई जनकेन्द्रित र तथ्यमा आधारित ढङ्गले अध्ययन गर्नु नै जनशास्त्रको वैज्ञानिक मर्म हो । यस दृष्टिकोणले भन्छ- सत्यको स्रोत जनताको जीवन, श्रम र अनुभव नै हुन् । यही मर्मले आज पनि मानव समाजलाई विज्ञान, मानवता र न्यायको दिशामा अघि बढाउने ऐतिहासिक शक्ति प्रदान गर्छ ।

## इतिहासमा आज

१ सेप्टेम्बर १९६१ मा शिकागोको मिडवे विमानस्थलबाट उडान भरेको केही समयपछि उडान ५२९ दुर्घटनाग्रस्त भयो, जसमा सवार सबै ७८ जनाको मृत्यु भयो । जसलाई अमेरिकी इतिहासको सबैभन्दा घातक विमान दुर्घटनाको रूपमा लिइन्थ्यो ।



१ सेप्टेम्बर १९८१ मा जनरल आन्द्रे कोलिंग्बाको नेतृत्वमा रक्तपातहीन सैन्य विद्रोहमा मध्य अफ्रिकी राष्ट्रपति डेभिड डाकोलाई सत्ताबाट हटाइएको थियो ।



१ सेप्टेम्बर १९८३ मा व्यावसायिक विमान सोभियत हवाई क्षेत्रमा प्रवेश गरेपछि कोरियाली एयरलाइन्सको उडान ००७ लाई सोभियत जेट लडाकुले गोली हानी खसालेको थियो । जसमा कांग्रेसी लरेन्स म्याकडोनाल्ड सहित सबै २६९ जनाको मृत्यु भएको थियो ।




१ सेप्टेम्बर २००८ मा संयुक्त राज्य अमेरिकाको सशस्त्र बलले अन्बार प्रान्तको नियन्त्रण इराकी सशस्त्र बललाई हस्तान्तरण गरेको थियो ।



# प्रधानमन्त्री ओलीलाई खुला पत्र

विचार



● खिमराज गिरी

*माननीय प्रधानमन्त्रीज्यू, अविवादन तथा नमस्कार*

नेपालको इतिहासमा हालसम्म धेरै प्रधानमन्त्रीहरू कुर्सीमा बसिसके पनि देश, राष्ट्र र राष्ट्रियताप्रति चासो राख्ने नेतृत्व भने कमै मात्र पाइयो । आज म यो पत्र खुला रूपमा लेख्न गइरहेको छु, किनभने आजको नेपालको मुख्य चुनौती केवल सरकार वा नेतामात्रको विषय नभएर सम्पूर्ण राष्ट्रकै साझा चिन्ताको विषय बनेको छ । हामी नेपालीहरूले आफ्नो राष्ट्रियता, सार्वभौमिकता र विकासको सपना नेतृत्वबाट देख्नु अस्वाभाविक होइन । तथापि, नेपालको इतिहासलाई फर्केर हेर्दा देखिन्छ, नेपालको इतिहास नै भौगोलिक विवाद र सार्वभौमिकताको संघर्षसँग जोडिएको छ । सन् १८१६ को सुगौली सन्धिअघि नेपालको सीमाना पूर्वमा टिष्टा र पश्चिममा कांगडासम्म थियो । तत्कालीन अवस्थामा नेपालीहरूको छाती गर्वले फुल्थ्यो भनिन्छ । 'वीर गोर्खाली' भनेर संसारभर प्रख्यात थियौं ।

म स्वयं अफगानिस्तानजस्तो द्वन्द्वग्रस्त मुलुकमा बस्दा, हाम्रो सान टल्कने खुकुरी देख्नेबित्तिकै तालिबानसमेत हतियार छोडेर भागेका घटना मैले आफ्नै आँखाले देखेको छु । तर, इतिहासका पानाहरू पल्टाउँदा सुगौली सन्धिपछि सत्ताको स्वार्थ तथा ब्रिटिश इन्डिया कम्पनीको हेपाहा प्रवृत्तिका कारण नेपालले आफ्नो ठूलो भूभाग गुमाउनुपऱ्यो । जमिन मात्र गुमाएन, नेपालले आफ्नो स्वाभिमानसमेत गुमायो । त्यसपछि भारतले निरन्तर रूपमा नेपालका कैयौं भूभाग मिच्दै आएको छ । यसमा सबैभन्दा बढी चर्चा भएको क्षेत्र भने नेपालको पश्चिमी भागमा अवस्थित लिपुलेक, लिम्पियाधुरा र कालापानी हुन् । राजा महेन्द्रको पालामा पनि विवादमा आएको उक्त इलाका पहिला नेपालकै हो भन्ने तथ्य प्रष्ट छ । वरिष्ठ पत्रकार भैरव रिसाल स्वयं जनगणनाका लागि त्यहाँ गएका थिए भन्ने ऐतिहासिक तथ्य छ, साथै वास्तविक काली नदीभन्दा वरको भूभाग नै नेपालको हो भन्ने प्रमाण नक्सामा पनि छ । तर, सामरिक र व्यापारिक स्वार्थका कारण भारत मात्र नभई चीनसमेत मिसिएर गत हप्तामात्रै नेपाललाई सरोकार नै नराखी व्यापारिक सम्झौता गरेपछि यो विषय गम्भीर बनेको छ ।

प्रधानमन्त्रीज्यू, तपाईंले २०७२ सालको भूकम्पपछिको भारतीय नाकाबन्दी सामना गर्नुभएको कुरा सबैलाई थाहा छ । त्यसयता भारतले नेपालप्रति अपनाएको नीति प्रष्ट देखिन्छ, भारतलाई नेपालमा राजनीतिक अस्थिरता नै हितकर लाग्छ । हाम्रो देशमा चुनाव प्रणाली वा अन्य कारणले कहिल्यै पनि एकदलीय बहुमतको सरकार बन्न सकेको छैन । जसका कारण विभिन्न दलबीच सानो कुरा मै असहमति पैदा हुन्छ, सत्ताको खेलमै समय बित्छ र विकासमा अवरोध हुन्छ, यो यथार्थ सबैलाई थाहा छ । तर, अहिले त झन् गम्भीर चुनौती तेर्सिएको छ । गत हप्तामात्रै नेपालकै भूभाग लिपुलेक, लिम्पियाधुरा र कालापानी हुँदै भारत-चीन व्यापारिक सम्झौता भएपछि नेपालको सार्वभौमिकतामा ठाडो चुनौती आएको छ । भूकम्पताकाको नाकाबन्दीमा जसरी जनता सडकमै ओर्लिएका थिए, त्यस्तै चुच्चे नक्सा ल्याउँदा पनि देशभर उत्साह र समर्थन मिलेको थियो । तर, अहिले फेरि विदेशी स्वार्थले नेपालको अधिकारमा आँच पुऱ्याएको छ ।

जब-जब नेतृत्व गर्ने व्यक्ति विदेशीको रातो कार्पेट र तामझाममा लोभिन्छ, तब-तब उसले देशको सार्वभौमिकता बिर्सन्छ भन्ने उदाहरण सिक्किमका लेण्डुप दोर्जे हुन् । नेपालका राजा-महाराजादेखि नेतासम्मले पनि सत्तास्वार्थकै कारण देशलाई धेरै क्षति पुऱ्याएका ऐतिहासिक प्रमाण छन् । अहिले पनि सीमा विवाद चरम कूटनीतिक तहसम्म पुगेको छ । वि.सं.२०७५ सालमा तपाइँ प्रधानमन्त्री हुँदा नेपालको सार्वभौमिकता जोगाउन 'चुच्चे नक्सा' जारी गरेर लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालको अविभाज्य भूभाग हो भनेर अन्तर्राष्ट्रिय जगतमा प्रष्ट पार्नुभएको थियो । तपाईंको उक्त साहसिक कदमलाई नेपाली जनताले अझै सम्झिरहेका छन् । तर, अहिले फेरि नेपालकै भूभाग मिचेर भारत-चीनबीचको सम्झौताले हाम्रो साखमा आँच पुऱ्याएको छ । आज सीमा विवाद केवल लिपुलेक-कालापानीमा मात्र छैन, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कैयौं भूभाग, नदी-नाला, सीमा स्तम्भहरू भारतले मिचिरहेको छ । तर नेपालभित्रै सत्ता साझेदारी र दलगत स्वार्थकै कारण त्यसतर्फ गम्भीर चासो देखाउन सकिएको छैन ।

प्रधानमन्त्रीज्यू, यदि तपाईंले नेपालको सम्पूर्ण भूभागमा पुनः अधिकार स्थापित गर्न सक्नुभयो भने, आगामी पुस्ताले तपाईंलाई गौरवपूर्वक सम्झनेछ । राष्ट्रलाई अगाडि बढाउने शक्ति केवल आर्थिक मात्र होइन, आत्मसम्मान र स्वाभिमान पनि हो भन्ने सत्यलाई आत्मसात गर्दै तपाईंले कूटनीतिक सत्याग्रहमार्फत सीमा विवाद समाधान गर्नुपर्ने देखिन्छ । त्यससँगै विकासको सवाल पनि उत्तिकै गम्भीर छ । बेरोजगारी व्यापक छ, शिक्षा असमान छ, स्वास्थ्य सेवामा गरिब वर्ग अझै वञ्चित छन् । आज कयौं बिरामीहरू उपचार नपाएर अस्पतालमै ज्यान गुमाइरहेका छन् । विशेषगरी ६० वर्षमाथिका नागरिकलाई गम्भीर रोग लाग्दा निःशुल्क उपचारको व्यवस्था नभएसम्म नेपाली जनताले राज्यप्रतिको विश्वास अनुभव गर्न सक्दैनन् ।

आधुनिक विद्वान अमर्त्य सेनले भनेझैं, विकास भनेको मात्र आर्थिक वृद्धिदर होइन, मानवीय क्षमता विस्तार पनि हो । त्यसैले युवालाई आफ्नै क्षमताअनुसार रोजगारी सिर्जना गरेर नेपालमै राख्न सक्नु पनि विकास हो । प्रधानमन्त्रीज्यू, अवसर अहिले छ, देशलाई स्वाभिमानका साथ अघि बढाउने कि अरु नेताजस्तै आलोचना र निराशाको चक्रमा फस्ने ? राष्ट्रियताको मामिलामा सधैं पछाडि पर्नु नपरोस् भन्ने चेतसँगै यो जिम्मेवारी तपाईंको काँधमा आएको छ ।

महात्मा गान्धी वा नेपालका मदन भण्डारीलाई आजसम्म कसैले बिर्सन नसकेको जस्तै, यदि तपाईंले नेपालको सार्वभौमिकता र भू-अखण्डताको रक्षा गर्न दृढ कदम चाल्नुभयो भने, इतिहासले तपाईंलाई पनि अमर बनाउनेछ ।

## सामाजिक सञ्जाल



निर्मल प्रसाईं

जापानविरुद्धको परेडमा ओली, पुटिन र किमसहित २६ देशका शीर्ष नेताहरू सहभागी हुँदैछन् । डस्टबिन सहयोग लिने, एम्बुलेन्स दानमा लिने, करोडौं युवा निर्यात गर्ने, देशले किन हैसियत भुल्दै छ ? आज जापानले २ लाख नेपालीलाई रोजगारी दिएको छ, त्यता सोच्न पर्दैन ?



अनिल गिरी

जापान पुरानो दाता, ठूलो दाता, विकास सहयोगी र साझेदारी मात्र होइन नेपाललाई अगाध स्नेह राख्ने मुलुक हो । आज झन्डै लाख जति नेपालीले निकै सम्मानपूर्वक जापानमा पढाइ र रोजगारी गर्दै महिनाको अर्बौं रेमिटेन्स पनि पठाउँछन् ! यस्तो मुलुकसँगको सम्बन्धमा अविश्वास बढाउनु सही होइन ।



कृष्ण घिमिरे

चुच्चे नक्साको कूटनीतिक पैरवी र अन्तर्राष्ट्रियकरण गरेनन् । गुगलमा नेपाली कर्मचारी थिए र इन्डियनहरुको विरोध विपरीत नक्सा अपलोड भयो । अहिले नक्सा यहाँ पुग्यो, त्यहाँ पुग्यो भन्ने जस लिन उद्धत छन् । इन्डिया रिसाउँछ भनेर विषय उत्थान गर्न नसक्नेले अब कस्तो कूटनीति खेल्लान् ?



डा. अमरेशकुमार सिंह

इम्बोस्ड नम्बर प्लेट बिचौलिया पोस्नको लागि ल्याइएको हो, यसले आम सर्वसाधारणलाई के फाइदा हुने हो ? गाडी किन्दा कर, सालैपिछे कर, त्यसमाथि लाइसेन्सको कर अनि रिन्यूवल तैपनि लाइसेन्सको नाममा चिर्कटो लिएर हिंड्नुपर्ने ? यो सरकार केवल बिचौलियाको लागि भयो ?

# ‘शिक्षा अधिकारका लागि मदरसाको एकता र संस्थागत ढाँचा अपरिहार्य’

**इसत्याक अहमद/मध्यान्ह**
चितवन, १५ भदौ



जमिअत उलमाए नेपालको नेतृत्वमा आयोजित दुईदिने मदरसा संघसँग सम्बन्धित अन्तरक्रिया कार्यक्रम चितवनको भरतपुर-१६ स्थित मदरसा जामिअतुल इमानमा सम्पन्न भएको छ।

शुक्रबार राति सुरु भएको कार्यक्रम शनिबार बिहानदेखि दिउँसोसम्म निरन्तर छलफलसहित सम्पन्न भएको थियो। कार्यक्रममा जमिअत उलमाए नेपालका अध्यक्ष तथा राष्ट्रिय सभा सदस्य मौलाना मोहम्मद खालिद सिद्दीकी प्रमुख अतिथि रहेका थिए। त्यस्तै मौलाना मोहम्मद असगर अली मदनी, मौलाना मोहम्मद सफिकुर रहमान, मौलाना मोहम्मद मोइनुद्दिन कासमी र मुफ्ती बसीरलगायत विशिष्ट अतिथिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा मदरसा व्यवस्थापन, दर्ता प्रक्रिया र संस्थागत एकतासम्बन्धी विषयमा विस्तृत छलफल भएको आयोजकले जनाएको छ। अध्यक्ष सिद्दीकीले दर्ता भएका मदरसाले मात्र सरकारी अनुदान पाउने भएकाले दर्ता अनिवार्य रहेको स्पष्ट पार्दै देशभरका सञ्चालक र प्रधानाध्यापकबीच एकता कायम गर्दै 'मदरसा संघ' स्थापना गर्नुपर्ने आवश्यकता औंल्याए। त्यसैगरी मौलाना असगर मदनीले मदरसा एकतामा आए मात्र सरकारसँग माग र कमजोरीबारे प्रभावकारी रूपमा आवाज उठाउन सकिने धारणा राखे।

मदरसा जामिअतुल इमानका सञ्चालक मौलाना मोहम्मद हनीफले आफ्नो मदरसा कक्षा ८ सम्म सञ्चालनमा रहेको जानकारी दिँदै दर्ताप्रति अनावश्यक त्रास लिनुनपर्ने बताए। उनका अनुसार दर्ता भएपछि मदरसाले शैक्षिक अधिकार सुरक्षित गर्नका साथै सरकारी स्रोतमा पहुँच बनाउन सक्ने वातावरण बन्नेछ।

कार्यक्रमले शिक्षा अधिकार सुनिश्चित गर्न मदरसाहरूको एकता र संस्थागत ढाँचा अपरिहार्य रहेको निष्कर्ष निकालेको छ। सो अवसरमा सर्वसम्मतिले जमिअत उलमाए नेपालका अध्यक्ष मौलाना खालिद सिद्दीकीलाई मदरसा संघको अध्यक्षमा चयन गरिएको छ। देशभरका विभिन्न जिल्लाबाट आएका करिब ३ सय मौलाना, स्थानीय युवाहरू र पत्रकारहरूको उपस्थिति रहेको कार्यक्रममा मदरसा प्रधानाध्यापकहरूलाई प्रशंसापत्रद्वारा सम्मान गरिएको थियो।

# अरुणिमामा नयाँ विद्यार्थीलाई स्वागत



**काठमाडौं/मस**–काठमाडौं बौद्धस्थित अरुणिमा शैक्षिक प्रतिष्ठानले कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई सम्मान गर्दै कक्षा ११ मा भर्ना भएका नयाँ विद्यार्थीलाई स्वागत गरेको छ। शनिबार आयोजित कार्यक्रममा प्रिन्सिपल केशव प्रसाद जोशीले परीक्षाफलको विश्लेषण गर्दै प्रतिष्ठानका शैक्षिक कार्यक्रम र उपलब्धि प्रस्तुत गरेका थिए।

अध्यक्ष भीमानन्द ढुङ्गानाले गुणस्तरीय शिक्षामा सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो भने प्रोग्राम म्यानेजर विपुल राज मानन्धरले स्नातक तहमा विषय र कलेज छनोटमा सचेत रहन सुझाव दिए।

कार्यक्रममा अरुणिमा मा.वि. बौद्धका १ सय ६३ जना कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई अभिनन्दन गरिएको थियो।

उच्चतम् जीपीए प्राप्त गर्ने दावा जाङमु शेर्पा, ग्याल्बु तामाङ, निरोज अधिकारी, सत्कार थापा र सुबी पोडेललाई नगदसहित विशेष सम्मान गरिएको थियो। यसै अवसरमा शिक्षक तथा कर्मचारीलाई पनि योगदानको कदर गर्दै मायाको चिनो प्रदान गरिएको थियो। विद्यार्थीहरूले गीत, संगीत, नृत्य र नाटक प्रस्तुत गरी कार्यक्रमलाई आकर्षक बनाएका थिए।

**चित्रकला प्रतियोगिता सम्पन्न**

यस्तै, अरुणिमा-रमेश विकल अन्तर विद्यालय स्थलगत बाल चित्रकला प्रतियोगिता नव अरुणिमा मा.वि. आरुबारीमा सम्पन्न भएको छ। प्रतियोगितामा कक्षा ६ देखि १० सम्मका ३१ विद्यालयका ५९ जना विद्यार्थीले सहभागिता जनाएका थिए।

प्रतियोगितामा चेल्सी वर्ल्ड स्कूलकी आरोशी गुरुङ प्रथम, अरुणिमा मा.वि.की श्रीकन्या चाम्लिङ राई द्वितीय, न्यू बुद्ध प्रकाश सेकेन्डरी स्कूलका लामो लोप्चन लामा तृतीय भए। टाइमलाइन स्कूलकी सिजन लामा र जीवनतारा एकेडेमीकी प्रशंसा तामाङलाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो।

विजयीलाई प्रमाणपत्र, ट्रफी, मेडलसहित पुरस्कृत गरिएको थियो। कार्यक्रममा वरिष्ठ चित्रकार कृष्ण मानन्धर, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति के.के. कर्माचार्य, अध्यक्ष भिमानन्द ढुंगाना र कार्यकारी प्रिन्सिपल ईश्वरी प्रसाद लामिछानेले सम्बोधन गरेका थिए। चित्रकलाको मूल्यांकन रबिन कोइराला र श्याम श्रेष्ठले गरेका थिए। अन्त्यमा सभाध्यक्ष गोपालप्रसाद बरालले धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन गरिएको थियो।

# कुटपिटपछि युवकको मृत्यु, अनुसन्धान सुरु

**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, १५ भदौ

मोबाइल चोरीको आरोपमा कुटपिटबाट एक युवकको मृत्यु भएको घटनामा प्रहरीले चार जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाएको छ।

रौतहटको कटहरिया नगरपालिका-४ बहादुरपुरका २८ वर्षीय नसिव बैठाको मृत्यु भएपछि पीडित परिवारले उजुरी दिएको थियो। त्यसकै आधारमा इलाका प्रहरी कार्यालय गरुडाले स्थानीय ३२ वर्षीय गर्भुदयाल सर्भङ्गलाई पक्राउ गरेको छ भने बाँकी तीन जना फरार छन्।

पीडितका भाइ दर्शन बैठाका अनुसार साउन १६ गते कटहरिया बजारस्थित खाजा पसलमा गर्भुदयालले आफ्नो मोबाइल चोरी भएको आरोप लगाउँदै नसिवलाई कुटपिट गरेका थिए। भोलिपल्ट १७ गते भने स्थानीय सञ्जय यादव र उनका भाइ विजय यादवले पनि मोबाइल चोरी गरेको भन्दै नसिवलाई गाउँनजिकैको आँपबारीमा लगेर कुटपिट गरेको आरोप परिवारले लगाएको छ।

उनका अनुसार कुटपिटकै क्रममा नसिवलाई आँपको रुखमा उल्टो झुन्ड्याएर पनि यातना दिइएको थियो। घटनाबारे जानकारी पाएपछि प्रहरी पुगेको थियो र उनलाई उद्धार गरी उपचारका लागि पठाइएको थियो। तर अवस्था बिग्रिँदै गएपछि वीरगन्जस्थित नेसनल मेडिकल कलेजमा उपचारका क्रममा भदौ ११ गते उनको मृत्यु भएको हो।

घटनाबारे जानकारी दिँदै जिल्ला प्रहरी कार्यालय रौतहटका डिएसपी राजन कार्कीले प्रारम्भिक अनुसन्धानपछि चार जनाविरुद्ध मुद्दा दर्ता भएको बताए। उनका अनुसार पक्राउ परेका गर्भुदयालमाथि कारबाही प्रक्रिया अघि बढाइएको छ भने अन्य तीनजनाको खोजी जारी छ।


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस विज्डम इलेक्ट्रिक इन्टरनेशनलले चाईनाबाट पैठारी गरिएको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य **(MRP)** निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि. नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक /राष्ट्र | ईकाई | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | इलेक्ट्रिक रिक्सा | इलेक्ट्रिक | ट्रेस | FT3 | 560 kg/ 4 Passenger & 1 Driver | चाइना | पिस | २,२७,५०० | |
| २. | इलेक्ट्रिक कार्गो रिक्सा | इलेक्ट्रिक | विज्डम | YT-LY2200DZH-5 | 1000 kg/ 1 Driver & 1 Helper | चाइना | पिस | २,०५,५०० | |

**अधिकृत बिक्रेता : विज्डम इलेक्ट्रिक इन्टरनेशनल**
**बिरगंज-१३, श्रीपुर, पर्सा, सम्पर्क – ९८५५०१६४०४**
Email: wisdom.electric2080@ gmail.com
**एक्जिम कोड नं. ६२०५७०२६४०१०५** NP
**फोन नं : ९८५५०१६४०४**



## INVITATION FOR SEALED TENDER BIDS

First date of publication: 1st September 2025

**Description of works:** NMB Bank Ltd. invites sealed tender bids from interested and eligible service providers/suppliers for the supply, delivery, and installation of ATM Terminals at various branch locations under a buy-back model.

The Request for Proposal (RFP)/Bid Document can be obtained upon submission of a written application along with a copy of the company's registration certificate, and payment of a non-refundable fee of NPR 2,000.00 (Nepalese Rupees Two Thousand Only) to the following account:
Account Name: Bid Document Purchase Parking Account & Account Number: 00901371300114.

The tender shall consist of sealed proposals as specified in the RFP/Bid Documents, and must be submitted in accordance with the schedule and instructions provided therein.

| S.N. | Activity | Description/Date |
|---|---|---|
| 1. | Submission of Sealed Proposals | The duly completed RFP/Bid documents must be submitted to the address mentioned below, with Technical and Financial proposals sealed separately and properly stamped, no later than 5:00 PM on the 15th day from the date of publication of this notice (i.e., 15th September 2025). In case the deadline falls on a public holiday, submissions will be accepted on the next working day. |
| 2. | Opening of Sealed Proposal | Will be advised separately |

1. Interested Bidder should submit all the documents outlined in the tender document and failing to do so shall result in the rejection of the bid.
2. The Bank reserves the right to accept or reject any or all applications without assigning any reason whatsoever.
3. Eligible Interested Bidders may contact the office of:

**Projects and Strategic Sourcing Department,**
**NMB Bank Limited**
**6th Floor , Krishna Tower**
**New - Baneshwor, Kathmandu, Nepal**
**Ph No: 01-4217117, Ext – 1578**

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values



## साउदीमा रोजगार

कम्पनी : BASHAER MOEED AL-MUTAIRI COMMUNICATIONS COMPANY शहर :RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०३/१४ चलानी नं.: ६०२२१७०६ LT. No.:306976 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BELIEVABLE OVERSEAS PVT.LTD.** ईजाजत नं. १२८३/०७४/०७५
Maharajgunj , Chakrapath, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501



## युएईमा रोजगार

कम्पनी: USMAN GLOBAL FZC शहर: SHARJAH
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ चलानी नं.: ६०२४४११९ L.T. No.: 330319

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 50 | 0 | स. काममा दक्ष | 1000 | ३८,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**SUN LIGHT HUMAN RESORUCE PVT. LTD.** Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३, 9802341585, 9700558336, 9864827296.



## साउदीमा रोजगार

कम्पनी: SALEM TAHIB AL-QAHTANI TRANSPORT ESTABLISHMENT शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ चलानी नं.: ६०२४४१३३ L.T. No.:330324

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 6 | 0 | स. काममा दक्ष | 1900 | ७१,३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,०००/- |

**Superb Solutions Pvt. Ltd.**
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौं, फोन : ४४६१२४३, ४४९५१८
Govt Lic. No. 264/058/059
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np
Mobile: 9851324654 | 9811837449 | 9746504113 | 9851077524



## साउदीमा रोजगार

कम्पनी: RAFA GULF CONTRACTING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ चलानी नं.: ६०२४४१४० L.T. No.: 330333

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 2 | 0 | स. काममा दक्ष | 2500 | ९३,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 Spetember 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

**Nepal Life Recruitment Agency Pvt. Ltd.** Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, Tel:4598920, E-mail: nepallifera1476.2017@gmail.com



## कुवेतमा रोजगार

कम्पनी: AL WASL ALKUWAITIYA COMPANY FORDELIVERY OF CONSUMER ORDERS शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ चलानी नं.: ६०२४४०३५ LT. No.:330259

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver Light | 15 | 0 | स. काममा दक्ष | 140 | ६४,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ २३ गते (8 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**S.R. Group HR Consultancy Pvt. Ltd.**
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818309178, 9841516281 | Web.: www.srgroupsa.com



## युएईमा रोजगार

१ कम्पनी : PROTON MECH ELECTROMECHANICAL SERVICES L.L.C शहर: UAE,DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०५/१३ चलानी नं.: ६०२४४१४५ LT. No.: 330316

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
